**प्रकाशक :** बगनासकाली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश चिर्तुङ्गधारा, पाल्पा

**सर्वाधिकार ©:** बगनासकाली गाउँकार्यपालिका
**इमेल** : baganaskali.rural@gmail.com
**प्रथम संस्करण:** २०८२
**मुद्रण** : श्री मनकामना अफसेट प्रेस, पाल्पा
**डिजाइनिङ्ग** : राजु रास्कोटी

गाउँ शिक्षा योजना सम्बन्धी कुनै सुझाव तथा सल्लाह भए बगनासकाली गाउँपालिका शिक्षा शाखामा जानकारी गराउनु होला । अमूल्य सुझावको लागि बगनासकाली गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

## मेरो भनाइ

शिक्षा विकासको पहिलो पूर्वाधार हो । शिक्षाको विकास नभएसम्म अन्य क्षेत्रको विकासबारे परिकल्पना पनि गर्न सकिँदैन । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक शिक्षा निःशुल्क भनेर मौलिक हक अर्न्तरगत उल्लेख गरेको छ। सोही हकलाई आधार मानेर बगनासकाली गाउँपालिकाभित्र बसोबास गर्ने कुनै पनि नागरिक गुणस्तरीय शिक्षाबाट बञ्चित हुन नपरोस् भनेर योजनाबद्ध रुपमा यस पालिकाको शैक्षिक अवस्थालाई बलियो बनाउनको लागि साथै वर्तमानको अवस्थालाई हेरेर भविष्यको शैक्षिक दिशा निर्देश गर्नको लागि यो ५ वर्षे गाउँशिक्षा योजना तयार गरिएको छ ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेनदेखि करिब २ कि.मि पूर्वमा रहेको यस गाउँपालिकाको कूल क्षेत्रफल ८४.१६ वर्ग कि.मि रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण नागरिकले सर्वसुलभ गुणस्तरीय शिक्षा हासिल गरुन् भन्ने हाम्रो अभिलाषा रहेको छ। हालको नेपालको संविधानले संघ, प्रदेश तथा स्थानीय तहको लागि आ-आफ्नो अधिकार र कार्यक्षेत्र तोकिदिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार प्रदान गरेको छ । शिक्षामा समतामूलक पहुँच, गुस्तरीय शिक्षा, सान्दर्भिकता, सक्षमता, समावेशीकरण तथा सुशासनलाई केन्द्रविन्दुमा राखेर यो योजना तयार पारिएको छ। भविष्यको शैक्षिक पथ प्रर्दशकको रुपमा यो दस्तावेजले मार्गनिर्देशन गर्ने छ भन्ने पूर्ण विश्वास लिएकी छु। नेपालको संविधान स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, विद्यालय शिक्षा क्षेत्र विकास योजना लगायत नौ वटै वडामा भएको शैक्षिक योजना निर्माण सम्बन्धी छलफल र विज्ञहरुको राय सुझावका आधारमा तयार पारिएको छ। यस पाँच वर्षे गाउँशिक्षा योजन गाउँपालिकाको समग्र शैक्षिक विकासको लागि एक महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने पूर्ण विश्वास लिएकी छु ।

यस गाउँपालिकाको शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर गाउँपालिका भित्रको बहुजातीय, बहुसांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै यो गाउँशिक्षा योजना निर्माणमा खटिनुहुने गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत प्रत्येक वडाका वडाध्यक्षहरु, गाउँकार्यपालिका, गाउँशिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा प्रमुख, स्थानीय शिक्षाविद्, प्र.अ., सामाजिक स्रोत विकास केन्द्र नेपाल/एक्सन एड् नेपाल तथा खोज अनुसन्धान गरी लेखन कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा, यो गाउँशिक्षा योजनालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन सम्पूर्ण यस गाउँपालिका बासीहरूमा सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको पूर्ण र प्रभावकारी कार्यान्वयन होस् भन्ने कामना गर्दछु ।

**सरस्वती चिदी दर्लामी**
**अध्यक्ष**
**बगनासकाली गाउँपालिका, पाल्पा**

## भनाइ

लुम्बिनी प्रदेश, पाल्पा जिल्ला भित्रका स्थानीय तहहरू मध्ये बगनासकाली गाउँपालिका पनि एक हो । बहुजातीय, बहुसांस्कृतिक तथा प्राकृतिक दृष्टिले विविधता भएको यो गाउँपालिका शैक्षिक विकासको दृष्टिले पनि अगाडि बढिरहेको छ । आजको विश्वपरिवेश सुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गरी विश्व बजारमा बिक्ने र टिक्ने खालको शिक्षा प्रदान गर्नु आजको आवश्यकता रहेको छ । यस आवश्यकतालाई मध्यनजर गरी नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सोह्रौ योजना, राष्ट्रिय शिक्षा नीति २०७६ राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षा क्षेत्र विकास योजना लगाएत शिक्षा सम्वन्धी ऐन, नियम, नियमावली अनुसार निश्चित नियम कानुनको परिधिमा रहेर बगनासकाली गाउँपालिको ५ वर्षे गाउँ शिक्षा योजना तयार गर्न लागेकोमा मलाई निकै खुसी लागेको छ । यो शैक्षिक योजनाले बगनासकाली गाउँपालिकाको एक शैक्षिक दर्पण हुनेछ भन्ने कुरामा म पूर्णत विश्वस्त रहेको छु ।

“समृद्ध बगनासकाली गाउँको सार, समग्र विकासको दिगो आधार” भन्ने यस पालिकाको दीर्घकालिन सोचलाई यो गाउँ शिक्षा योजनाले पूर्णत सहयोग गर्नेछ । गुणस्तरीय शिक्षाको पहुँच र अवसरबाट कोही पनि वञ्चित हुन नपरोस् साथै एक्काइसौँ शताब्दी अनुकूल शिक्षा प्रत्येक नागरिकले प्राप्त गर्न सकून् भन्ने ध्येय यो योजनाको रहेको छ । गाउँपालिकाको शैक्षिक अवस्थाबारे गहन अध्ययन गरी तयार गरिएको यस योजनाले सबैको चाहना अनुरुपको शैक्षिक उन्नयन हुनेछ भन्ने पूर्ण आशा लिएको छु । यो योजना निर्माणमा खटिनुहुने गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिका परिवार, शिक्षा शाखा प्रमुख, सामाजिक विकास समिति, सामाजिक स्रोत विकास केन्द्र नेपाल पाल्पा/एक्सन एड् नेपाल प्रधानाध्यापक ज्यूहरु, वडाध्यक्षहरु, शिक्षा विद तथा यस योजनालाई मूर्तरूप दिन लेखन कार्यमा खटिनु हुने सम्पूर्ण व्यक्तित्वहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, यो गाउँशिक्षा योजना निर्माणका क्रममा कुनै कुरा छुटेको साथै अस्पष्ट भए अगामी दिनमा रचनात्मक तथा अमूल्य सुझावको अपेक्षा सहित यसको पूर्ण सफल कार्यान्वयनको कामना गर्दछु ।

हरिप्रसाद पाठक
उपाध्यक्ष
बगनासकाली गाउँपालिका, पाल्पा

# कार्यकारी सारांश

नेपालको लुम्बिनी प्रदेश, पाल्पा जिल्लाको बगनासकाली गाउँपालिका कूल ८४.१६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको साबिकका चिर्तुङधारा, पोखराथोक, नायर नम्तलेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाँउ, बराङदीको केही अंश र चापपानी गाउँ विकास समितिहरुलाई मिलाएर २०७३ सालमा संघीयताको मर्मअनुसार बगनासकाली गाउँपालिका बनेको छ । यस गाउँपालिकाको पूर्वमा रम्भा गाउँपालिका र पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालीगण्डकी, दक्षिणमा माथागढी गाउँपालिका रहेका छन् ।

विशेषगरी उत्तरमा बगेकी काली गण्डकी नदी, बगनास पर्वत, बगनास थोक, बगनासदेवी, बग्नासे चाँपीको पहिचानका आधारमा संयोजन गरी बगनासकाली गाउँपालिकाको नामाकरण गरिएको हो । वि.स. २०७८ सालको जनगणना अनुसार जम्मा १८४९७ जना जनसंख्या मध्ये महिला जनसंख्या १०१०१ जना र पुरुष जनसंख्या ८३९६ जना रहेका छन् ।

बगनासकाली गाउँपालिकामा आधारभूत विद्यालय (कक्षा १–५) १५ वटा, आधारभूत विद्यालय (कक्षा ६–८) १२ वटा, मा.वि. (कक्षा ९–१०) ३ वटा तथा मा.वि.(कक्षा ११–१२), ७ वटा गरी जम्मा ३७ वटा विद्यालयहरु हाल सञ्चालनमा रहेको छ । बगनासकाली गाउँपालिकाको साक्षरता दर ८१.७% रहेको छ । जस मध्ये महिला ७४.२ र पुरुष ९१ प्रतिशत साक्षर जनसंख्या रहेको छ । शैक्षिक सत्र २०८२ मा जम्मा कक्षा ११ र १२ बाहेक २५५० जना विद्यार्थीहरु यस गाउँपालिकामा अध्ययनरत छन् । गाउँपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयहरुमा स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान सहित २३२ जना शिक्षक, बालविकास केन्द्रका शिक्षक ३३ र ४० जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत विभिन्न कानूनी प्रावधानले दिएको अधिकार र कर्तव्यलाई उपयोग गर्दै लुम्बिनी प्रदेश, पाल्पा जिल्ला स्थित बगनासकाली गाउँपालिकाको समग्र शैक्षिक स्तर बृद्धि र विकासका लागि यो ५ वर्षे शिक्षा योजना तयार पारिएको हो । गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको अगुवाईमा आ.व. २०८२/८३ देखि आ.व. २०८७/८८ सम्मका लागि यो योजना तयार पारिएको छ । नेपालमा भएको राजनीतिक परिवर्तनपछि नेपालको संविधानमा शिक्षाको सन्दर्भमा समेटिएका तथा लेखिएका अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई आत्मसात गरी योजना तयार पारिएको छ । २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नव प्रवर्धन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, सोहौं आवधिक योजनाको लक्ष्यहरू समावेश गरी वि.स. २०८२ देखि २०८७ सम्मको लागि शिक्षा क्षेत्रको नयाँ गाउँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ । बगनासकाली गाउँपालिकाको शिक्षा योजना निर्माणका

क्रममा विभिन्न चरणमा कार्यक्रमहरु सञ्चालन गरिएको थियो । गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गरी हाल हामी कुन अवस्थामा छौ ? यसलाई सदृढ गर्न के गर्न सकिन्छ ? भन्ने बारेमा बृहत छलफल गरी परिवर्तनको सिद्धान्तलाई आत्मसात गरिएको थियो । यसमा उपलब्ध ऐन, कानून, नीति नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरिएको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरु, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय शिक्षा क्षेत्र विकास कार्यक्रम (SESP) (२०७९-२०८८), तथा विभिन्न स्थानीय ऐन कानुनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विषयविज्ञ तथा जनप्रतिनिधिहरुसंग वडा तहमा गई चरणवद्ध रुपमा छलफल गरेर आवश्यक सुझाव तथा तथ्याङ्कहरु प्रत्यक्ष तथा परोक्ष रुपमा संकलन गरी गाउँपालिकाको शिक्षाक्षेत्रको आवश्यकता र स्रोतलाई मध्यनजर गर्दै स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरुको सुझाव अनुरुप यो योजना निर्माण गरिएको हो । यस ५ वर्षे शिक्षा योजनाको मुख्य लक्ष्य तथा उद्देश्य गाउँपालिका क्षेत्रभित्र समग्र शैक्षिक क्रियाकलापहरूमा एकरुपता ल्याई गुणस्तरीय शिक्षा विकासमा जोड दिने, दक्ष सीपयुक्त, सकारात्मक सोच भएका, देश, समाजप्रति कर्तव्यबोध गर्न सक्ने किसिमको जनशक्तिको विकास गर्न, स्थानीय स्रोत र साधनका प्रयोग गरी प्रविधिमैत्री विद्यालयहरूको निर्माण गर्न, विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराई टिकाउ दर उच्च बनाउन, शिक्षाको अवसरबाट बञ्चित रहेको समुदायका लागि बैकल्पिक तथा निरन्तर सिकाइका अवसर सिर्जना गर्न, उपलब्ध स्रोत साधनका समानुपातिक र न्यायोचित वितरण गर्न Bottom up Approach मा आधारित क्रियाकलापको निर्माण गर्ने लगायतका कार्यहरु रहेका छन ।

यो योजनामा गाउँपालिकाको दीर्घकालिन सोंच, लक्ष्य, उद्देश्यहरु, शैक्षिक इतिहास, हालको शैक्षिक अवस्था, चुनौती, शिक्षामा संभावना लगायतका विषयवस्तुहरुको आधारमा रणनीतिहरु तयार गरिएको छ । योजनालाई विभिन्न ७ वटा बेग्लाबेग्लै परिच्छेदमा विभाजन गरी शैक्षिक क्षेत्रको समग्र विकासक्रमलाई समेट्ने प्रयास गरिएको छ । यसमा क्रमबद्ध रुपमा परिचय, नयाँ शिक्षा क्षेत्र योजना, विद्यालय क्षेत्रको मुख्य उपक्षेत्रहरु, संस्थागत संरचना, क्षमता विकास र संघ तथा प्रदेशसंगका समन्वय, योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा समन्वय र सहजीकरण, लगानी र स्रोत व्यवस्थापन र प्रमुख कार्यसम्पादन सूचकहरु समावेश गरिएको छ । विद्यालय क्षेत्रको मुख्य उपक्षेत्र अर्न्तगत बिभिन्न १५ वटा सूचकहरुलाई आधार मानी त्यस अनुरुप रणनीति, योजना क्रियाकलाप लगायत बजेट विनियोजन गर्ने प्रयास गरिएको छ । यसका लागि विभिन्न उपक्षेत्रहरुमा बर्तमान अवस्थाको समीक्षा गरी चुनौती पहिचान गर्नका साथ योजनाको लागि उद्देश्य, रणनीतिहरु, नतिजा आकलन, अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु तहगत रुपमा नै समावेश गरिएको छ । प्रारम्भिक बाल शिक्षा देखि उच्च शिक्षा सम्मका अवस्थालाई मध्यनजर गर्दै शिक्षक व्यवस्थापन, छात्रबृत्ति, पाठ्यक्रम कार्यान्वयन, भौतिक सुधार, प्रविधिको पहुँचमा विस्तार, समावेशी सार्वजनिक शिक्षा, पोषण तथा स्वास्थ्य,

बालमैत्री सिकाइ, व्यवहारकुशल सीप, विपद्को अवस्थाका लागि शिक्षा लगायतका विषयहरुमा विस्तृत योजना तयार पारिएको छ। जसको कार्यान्वयनबाट गाउँपालिकाको समग्र शैक्षिक स्तर बृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ। यस गाउँपालिकाको हालको अवस्थालाई मध्यनजर गर्दै शिक्षामा वित्तीय स्रोतहरुको खोजी र लागत अनुमान समेत गर्ने प्रयास गरिएको छ। जुन संघीय सरकारबाट आउने स्थायी तथा अस्थायी शिक्षकहरुको तलवभत्ता, अनुदान, प्रदेश सरकारको अनुदान र अन्य निकायबाट पछि आउन सक्ने अनुदान बाहेकको बजेट हो। यो बजेट स्थानीय सरकारको आफ्नो स्रोत तथा संघीय सरकारको अनुदानका आधारमा प्रक्षेपण गरिएको हो।

## विषय सूची

परिच्छेद १ : परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ कानुनी व्यवस्था ........ १
१.२ भौगोलिक अवस्था ........ २
१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ २
१.४ जनसांख्यिक संरचना ........ ३
१.५ आर्थिक अवस्था ........ ३
१.६ शैक्षिक अवस्था ........ ४
१.७ शैक्षिक सूचकको अवस्था ........ ५
१.८ सवल पक्षहरु ........ ६
१.९ मुख्य समस्याहरु ........ ७
१.१० अवसरहरु ........ ७
१.११ चुनौतीहरु ........ ८
१.१२ शिक्षा योजनाको आवश्यकता ........ ८
१.१३ शिक्षा योजना निर्माण प्रक्रिया ........ ८
१.१४ तथ्यांकको स्रोत ........ ९
परिच्छेद २ : नयाँ शिक्षा क्षेत्र योजना ........ १०
२.१ दुरदृष्टि **(Vision)** ........ १०
२.२ लक्ष्य ........ १०
२.३ उद्देश्यहरु ........ १०
२.४ उद्देश्य तथा रणनीतिहरु ........ ११
२.५ अपेक्षित उपलब्धिहरु ........ १४
२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ १५
परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु ........ १७
३.१ प्रारम्भिक वालविकास र शिक्षा ........ १७
३.१.१ परिचय ........ १७
३.१.२ वर्तमान अवस्था ........ १७
३.१.३ उद्देश्य ........ १७
३.१.४ रणनीति ........ १८
३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ १८
३.२ आधारभूत शिक्षा ........ १९
३.२.१ परिचय ........ १९
३.२.२ वर्तमान अवस्था ........ १९
३.२.३ उद्देश्य ........ २०
३.२.४ रणनीतिहरू ........ २०

३.२.५ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ २२
३.३ माध्यमिक शिक्षा ........ २३
३.३.१ परिचय ........ २३
३.३.२ वर्तमान अवस्था ........ २३
३.३.३ उद्देश्यहरू ........ २४
३.३.४ रणनीतिहरू ........ २४
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ २५
३.४ अनौपचारिक तथा आजीवन सिकाइ ........ २७
३.४.१ परिचय ........ २७
३.४.२ वर्तमान अवस्था ........ २७
३.४.३ उद्देश्य ........ २८
३.४.४ रणनीतिहरू ........ २८
३.४.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ २९
परिच्छेद : ४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु ........ ३१
४.१ शिक्षक विकास र व्यवस्थापन ........ ३१
४.१.१ परिचय ........ ३१
४.१.२. उद्देश्य ........ ३५
४.१.३ रणनीतिहरू ........ ३५
४.१.४ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ........ ३६
४.२ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन ........ ३८
४.२.१ परिचय ........ ३८
४.२.२ वर्तमान अवस्था ........ ४०
४.२.३ उद्देश्य ........ ४१
४.२.४ रणनीति ........ ४१
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ४३
४.३. प्राविधिक तथा व्यवसायिक शिक्षा ........ ४४
४.३.१ परिचय ........ ४४
४.३.२ वर्तमान अवस्था ........ ४४
४.३.३ उद्देश्य ........ ४४
४.३.४ रणनीतिहरू ........ ४५
४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ४५
४.४ शैक्षिक समता र समावेशीकरण ........ ४६
४.१.१ परिचय ........ ४६
४.१.२ वर्तमान अवस्था ........ ४७
४.१.३ उद्देश्य ........ ४७
४.१.४ रणनीतिहरु ........ ४८

४.१.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य ........ ४८
४.६ विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधि ........ ४९
४.६.१ परिचय ........ ४९
४.६.२ वर्तमान अवस्था ........ ५१
४.६.३ उद्देश्य ........ ५१
४.६.४ रणनीतिहरु ........ ५२
४.६.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ........ ५२
४.७ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम ........ ५३
४.७.१ परिचय ........ ५३
४.७.२ बर्तमान अवस्था ........ ५३
४.७.३ उद्देश्यहरु : ........ ५३
४.७.४ रणनीतिहरू ........ ५४
४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ५४
४.८ आपत्कालीन तथा संकटकालीन अवस्थामा शिक्षा ........ ५५
४.८.१ परिचय ........ ५५
४.८.२ वर्तमान अवस्था ........ ५६
४.८.३ उद्देश्य ........ ५७
४.८.४ रणनीतिहरु ........ ५७
४.८.५ उपलब्धि नतिजा तथा क्रियाकलाप ........ ५८
परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन ........ ५९
५.१ संस्थागत क्षमता विकास ........ ५९
५.१.१ परिचय ........ ५९
५.१.२ वर्तमान अवस्था ........ ६०
५.१.३ उद्देश्य ........ ६१
५.१.४ रणनीतिहरु ........ ६१
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ६१
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ६२
५.२.१ परिचय ........ ६२
५.२.२ वर्तमान अवस्था ........ ६२
५.२.३ उद्देश्यहरु ........ ६३
५.२.४ रणनीतिहरु ........ ६३
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ६३
५.३ अनुगमन तथा मूल्याङ्कन ........ ६४
५.३.१ परिचय ........ ६४
५.३.२ वर्तमान अवस्था ........ ६४
५.३.३ उद्देश्य ........ ६५

५.३.४ रणनीतिहरु ............................................................................................................ ६५
५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................ ६५
परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ........................................................................ ६७
६.१ परिचय ........................................................................................................ ६७
६.२ वर्तमान अवस्था ................................................................................................ ६७
६.३ उद्देश्य ........................................................................................................ ६८
६.४ रणनीतिहरु ..................................................................................................... ६८
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..................................................................... ६८
परिच्छेद ७ : प्रमुख कार्यसम्पादन सूचकहरु ........................................................................ ७८
७.१ योजनाको समग्र नतिजा खाका ..................................................................................... ७८
अनुसूचीहरु ........................................................................................................ ७९

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चितताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख कर्तव्य हुन आएको छ । शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माण गर्नु नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले यस गाउँपालिकाको जिम्मेवारी साथै कर्तव्य पनि हुन आउँछ। शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पार्ने हुँदा लगानी वृद्धि तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार रुपमा आवाज उठ्दै आएको छ । युनेस्को द्धारा प्रकाशित EFA Global Monitoring Report ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्न सुझाव दिएको छ। सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रति व्यक्ति आयमा १ प्रतिशत वृद्धि हुने तथ्य पनि उल्लेख छ । यसै गरी दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नम्बर ४ मा **"समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरु प्रदान गर्ने"** भनि लक्ष्य प्राप्तिका मागदर्शकको रुपमा अगाडि सारिएको छ ।

योजना भविष्यमा गरिने कामहरु भएकाले तथ्यमा आधारित भएर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समुहका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तरीय सिकाइ उपलब्धी गराउनु जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमुलक, व्यवसायिक, प्रविधियुक्त र सीपमुलक शिक्षा प्रदान गर्नु, अनौपाचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरुलाई जीवन पर्यन्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु बगनासकाली गाउँपालिकाको मुख्य भूमिका रहन गएको छ। विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नु पर्ने अवस्था आएको छ। त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय अनिवार्य बनाई आशातीत उपलब्धि हासिल गरेर यस गाउँपालिकालाई शैक्षिक गन्तव्यको ठाउँको रुपमा विकास गर्ने ध्येयले यो ५ वर्षे गाउँ शिक्षा योजना तयार गरिएको छ।

## १.२ कानुनी व्यवस्था

नेपालको संविधान २०७२ शिक्षा सम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु र प्राथमिकताका क्षेत्रहरु समावेश गरिएको छ। संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ। ती मौलिक हकहरु देहाय बमोजिम रहेका छन् :-

क. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

ख. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ ।

ग. अपाङ्ग भएका र आर्थिक र विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

घ. दृष्टिविहिन नागरिकलाई ब्रेल लिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ ।

ङ. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र संचालन गर्ने हक हुनेछ ।

यसैगरी धारा ३८ मा महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, दलितको हक सम्बन्धी धारा ४० को उपधारा २ मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरीएको छ ।

यसैगरी भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५१ ज मा नागरिकका आधारभुत आवश्यक्ता सम्बन्धी नीतिहरुमा शिक्षा सम्बन्धी ४ वटा प्रमुख नीतिहरुलाई प्राथमिकताका साथ उल्लेख गरीएको छ ।

नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा अन्य संवैधानिक निकायका साथै शिक्षासँग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्था संघ, प्रदेश र स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ "ज" मा स्थानीय सरकारलाई माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

## १.२ भौगोलिक अवस्था

लुम्बिनी प्रदेश, पाल्पा जिल्ला अर्न्तगत बगनासकाली गाउँपालिका अक्षांश २७° ५२´ र देशान्तर ८३° ३५´ मा अवस्थित छ । यस गाउँपालिकाको क्षेत्रफल ८४.१६ वर्ग कि.मि. रहेको छ । यो गाउँपालिकामा ९ वटा वडाहरु रहेका छन् । साबिकका चिर्तुङधारा, पोखराथोक, नायर नम्तलेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाँउ, बराङदीको केही अंश र चापपानी गाउँ विकास समितिहरुलाई मिलाएर २०७३ सालमा संघीयताको मर्मअनुसार बगनासकाली गाउँपालिका बनेको छ । यस गाउँपालिकाको पूर्वमा रम्भा गाउँपालिका र पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालीगण्डकी, दक्षिणमा माथागढी गाउँपालिका रहेका छन् ।

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

यस गाउँपालिकामा विभिन्न समुदायहरु रहेको र सोही अनुसार तीज, दशैं, तिहार, माघे संक्रान्ति, कृष्णजन्माष्टमी, बुद्धजयन्ती, फागुपूर्णिमा, इद, क्रिश्मस, प्रकृति पूजा आदि जस्ता चाडपर्वहरु मनाउने

गरेका छन् । यहाँको फागु नाच, लाखे नाच, झ्याउरे, देउसी भैलो, सोरठी, भजन, वाली, ठूलो नाच, टप्पा नाच, गाई जात्रा, मारुनी नाच र विभिन्न जात्रा आदिले सांस्कृतिक रुपमा समृद्ध समाज निर्माणमा उल्लेख्य योगदान पुऱ्याएको छ ।

यस गाउँपालिकामा जातिगत हिसाबले ब्राम्हण, क्षेत्री, मगर, नेवार, कामी, दमाई, सार्की, बोटे, मुस्लिम, कुमाल, चेपाङ, थारु आदि लगायतका मानिसहरुको बसोबास रहेको भएता पनि मगर समुदायको बाहुल्यता रहेको छ । यस गाउंपालिकामा दर्लम महाकाली, बगनासदेवी, मालारानी, रामजानकी मन्दिर,सन्तोक बौद्ध गुम्बा, शिवालय धाम, महामृत्युन्जय, हिले प्रभु, बगनासदेवी, नाच्नेडाँडा, अन्नपूर्णेश्वर, सिद्ध मन्दिर, सिद्ध गुफा, सुन गुफा,राम घाट राम्दी, रानी घाट, हरिकला देवी मन्दिर, लालपाटी होलीका मन्दिर,आदि जस्ता धार्मिक तथा ऐतिहासिक स्थानहरुमा वर्षेनी आन्तरिक तथा बाह्य पर्यटक तथा भक्तजनहरु भ्रमण गर्न आउँदछन् ।

## १.४ जनसांख्यिक संरचना

बगनासकाली गाउँपालिकाको २,०७८ को जनगणना अनुसार जम्मा जनसंख्या १८,४९७ रहेको छ जसअनुसार महिलाको संख्या १०,१०१ र पुरुषको संख्या ८,३९६ रहेको छ। विगत १० वर्षको अन्तरालमा यस गाउँपालिकाको जनसंख्या घट्दो छ। यस गाउँपालिकाको वडागत जनसंख्या तल प्रस्तुत गरिएको छ।

**चार्ट १: वडागत जनसंख्या विवरण**

| वडा नं. | वडाको नाम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | चिर्तुङ्गधारा | २२३३ | १८८४ | ४११७ |
| २ | पोखराथोक | ११८४ | ९९७ | २१८१ |
| ३ | नायर नमतलेस | १००३ | ७९२ | १७९५ |
| ४ | खानीछाप | ९०६ | ७२५ | १६३१ |
| ५ | दर्लमडाँडा | ९०६ | ७५३ | १६५९ |
| ६ | यम्घा | १५३४ | १२४४ | २७७८ |
| ७ | खानीगाउँ | ८१२ | ७११ | १५३० |
| ८ | बराङ्दी | ४६५ | ३९९ | ८६४ |
| ९ | चापपानी | १०५८ | ८९१ | १९४९ |
| **जम्मा** | | **१०१०१** | **८३९६** | **१८४९७** |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## १.५ आर्थिक अवस्था

यस गाउँपालिकाको मुख्यबजार आर्यभञ्ज्याङ, राम्दी र देउराली बजार हुन् । गाउँपालिकाको बासिन्दाको मुख्य पेशा कृषि हो र कृषिको व्यावसायिकरण सँगै यस गाउँपालिकामा कुरिलो, सुन्तला, अकबरे खुर्सानी,

अदुवा, बेसार, मौरी पालन, टमाटर खेती, पुष्प खेती आदि हुन् भने दुध र मासुमा यस गाउँपालिका पूर्णरुपमा आत्मनिर्भर रहेको छ ।

यस गाउँपालिकामा प्राकृतिक स्रोत साधनहरु पनि छन् । विभिन्न प्रजातिका जडिबुटीहरु, खाद्यान्न तथा नगदेवाली यहाँका प्रमुख स्रोतहरु हुन् । यसका अलावा धान, मकै, गहु, फापर, कोदो, झिलँगी, लगायतका बाली उत्पादन हुन्छ । यस गाउँपालिकाका बासिन्दाको आर्थिक अवस्था मध्यम प्रकृतिको रहेको छ । भौगलिक हिसाबले पहाडी भुभाग भएकाले आर्थिक लाभ युक्त गतिविधि सञ्चालन गर्न निकै खर्चिलो देखिन्छ । धेरै मानिसहरु वैदेशिक रोजगारमा आकर्षित देखिन्छन् । स्थानीय उत्पादनले धान्न नसक्ने भएकाले निर्यात भन्दा आयात नै बढी देखिन्छ ।

### १.६ शैक्षिक अवस्था

यस गाउँपालिकामा २७ आधारभूत, १० माध्यामिक, र ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन् । भएका २७ वटा आधारभूत विद्यालयमध्ये १५ वटामा कक्षा १ देखि ५ र १२ वटामा १ देखि ८ कक्षा संचालन छ । संचालित १० माध्यामिक विद्यालयमध्ये ३ वटामा कक्षा १ देखि १० कक्षा सम्म र ७ वटा विद्यालयमा कक्षा १ देखि १२ कक्षा संचालन गरिएको छ र एउटा विद्यालयमा प्राविधिक धार तर्फको कक्षा सञ्चालन हुँदै आएको छ । ३७ वटा विद्यालयमध्ये ७ वटा संस्थागत विद्यालय छन् । जसमध्ये ३ वटा शैक्षिक गुठीमा आधारित र ४ वटा सामुहिक लगानीमा आधारित रहेका छन् । यस गाउँपालिकामा भएका २९ वटा सामुदायिक विद्यालयहरुमा प्रारम्भिक वालविकास केन्द्र छ ।

**तालिका १: बगनासकाली गाउँपालिकाको विद्यार्थी र शिक्षक विवरण**

| विवरण | | प्रारम्भिक वालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | २९४ | ५९४ | ३०५ | १६६ | १२१ |
| | छात्र | ३४३ | ६२८ | ३०० | १८६ | ११० |
| | जम्मा | ६३७ | १२२२ | ६०५ | ३५२ | २३१ |
| शिक्षक | महिला | ३३ | ५४ | २३ | ६ | ३ |
| | पुरुष | - | ६२ | ३२ | ३९ | १३ |
| | जम्मा | ३३ | ११६ | ५५ | ४५ | १६ |

यस गाउँपालिकाको हरेक घर र विद्यालयमा विजुलीबत्तीको सुविधा पुगेको छ । विद्युतीय हाजिरी १० वटा माध्यमिक विद्यालयमा, १२ वटा विद्यालयमा स्काउट, सबै माध्यमिक तथा आधारभूत विद्यालयमा र केही प्रा वि तहमा समेत बाल क्लब सक्रिय छन् ।

**तालिका २: बगनासकाली गाउँपालिकाको शैक्षीक सत्र २०८१ को विषयगत उपलब्धि**

| विषय | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ | कक्षा ९-१० |
|---|---|---|---|---|
| नेपाली | ३.३६ | ३.३१ | ३.३२ | २.७८ |
| अंग्रेजी | ३.३८ | ३.२२ | ३.२४ | २.४० |
| गणित | ३.४४ | ३.१७ | ३.११ | २.१३ |
| विज्ञान | ३.३५ | ३.२३ | ३.२२ | २.२५ |
| सामाजिक | ३.५० | ३.२८ | ३.२५ | २.५८ |

## १.७ शैक्षिक सूचकको अवस्था

तथ्यांकलाई सापेक्षतामा मापन गर्नुपर्दछ। यसो गर्न सकियो भने मात्र सूचकले सही अर्थ दिन्छ। तालिका ३ मा बगनासकाली गाउँपालिकाको शैक्षिक सूचकलाई पाल्पा जिल्ला, लुम्बिनी प्रदेश र नेपालसँग तुलनात्मक रुपले प्रस्तुत गरिएको छ। यसो गर्दा स्थानीय तहको अवस्था र आफूले कहाँ सुधार गर्नुपर्ने रहेछ भन्ने कुरा सहजै थाहा पाउन सकिन्छ।

**तालिका ३: बगनासकाली गाउँपालिकाको शैक्षिक सूचनाको अवस्था**

| तह | सूचक | नेपाल | बगनासकाली |
|---|---|---|---|
| वालविकास केन्द्र | कुल भर्नादर | १०१.७ | १७०.३२ |
| | खुद भर्ना दर | ७०.२ | ५८.९२ |
| कक्षा १ | कुल प्रवेश दर | ११७.६ | १६१.११ |
| | खुद प्रवेश दर | ९३.७ | ६०.१८ |
| कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये बाबिकेको अनुभव | | ७६.३ | ४४.८ |
| कक्षा १–५ | कुल भर्नादर | १३०.५ | ८७.९८ |
| | खुद भर्ना दर | ९४.४ | ७०.२९ |
| कक्षा ६–८ | कुल भर्नादर | ११५ | १५४.३३ |
| | खुद भर्ना दर | ९३.६ | ६४ |
| कक्षा १–८ | कुल भर्नादर | १२४.८ | ८८.३५ |
| | खुद भर्ना दर | ९४.१ | ८२.७० |
| कक्षा ९–१० | कुल भर्नादर | ९९.१ | ९६.२ |
| | खुद भर्ना दर | ७५.८ | ५२.२७ |
| कक्षा ९–१२ | कुल भर्नादर | ८०.६ | ५५.१० |
| | खुद भर्ना दर | ५५.८ | ७६.८४ |
| ५-१२ उमेर | विद्यालय बाहिर रहेका केटाकेटीको सँख्या | | ० |
| कक्षा ८ | टिकाउ दर | ८६.७ | ९९.८४ |
| कक्षा १० | टिकाउ दर | ६६.९ | ९६.८४ |
| कक्षा १२ | टिकाउ दर | ४०.६ | ९६.२४ |

| बगनासकाली गाउँशिक्षा योजना | | | |
|---|---|---|---|
| कक्षा ८ | तह पार गर्ने दर | ८२.४ | ९८.४५ |
| | समता सूचक | १.०० | ०.९९ |
| | समता सूचकले देखाएको समस्या | | छैन |
| | समता सूचक अनुसारको स्तर | | उच्च |
| वालविकास केन्द्र | सहजकर्ता र केटाकेटीको अनुपात | १:३८ | १:१८ |
| कक्षा १–८ | शिक्षक विद्यार्थी अनुपात | १:१९ | १:८ |
| कक्षा ९–१२ | | १:६५ | १:१० |

बगनासकाली गाउँपालिकाको बालविकास केन्द्रको खुद भर्ना दर ५८.९२ प्रतिशत रहेको छ जुन नेपालको सूचक भन्दा राम्रो छ। तर अझै पनि ३ र ४ वर्षका केही बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छैनन् भन्ने देखाएको छ। आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दरमा बगनासकाली गाउँपालिका नेपालको सूचक भन्दा पछाडि छ। यस मानेमा बगनासकाली गाउँपालिकाले विद्यार्थी भर्नामा उमेरलाई विशेष प्राथमिकतामा राख्नुपर्दछ। छात्र छात्राको अन्तरमा छात्रा बढी छन् भन्ने जानकारी समता सूचकले दिएको छ।

**१.८ सवल पक्षहरु**

गाउँपालिकाको साक्षरता दर ८१.७ प्रतिशत रहेको, विद्यालयमा लगभग सबै बालबालिकाहरुको पहुँच पुगेको, पठनपाठनको गुणस्तरमा सुधार भएको, भौतिक पूर्वाधारहरुमा सवल हुदै गएको, तालिम प्राप्त शिक्षकहरुको उपलब्धता रहेको, नियमित अभिभावक भेला तथा विद्यालय केन्द्रित सचेतना कार्यक्रमको विद्यार्थीमा श्रम गर्ने तथा गर्दै सिक्दैको सिकाइ कार्य अगाडि बढेको, सिमान्तकृत वर्गलाई हेरालु शिक्षकको व्यवस्था गरिएको, अभिभावक बिहिन बालबालिकालाई मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरिएको, गाउँपालिकाभित्र सामुदायिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाको दुर्घटना बिमा गरिएको, समय समयमा बिद्यालयलाई खेलकुद सामग्री उपलब्ध गराइएको, शैक्षिक गुणस्तर सुधारको लागि नियमित प्र.अ. बैठक तथा शैक्षिक अन्तरक्रिया हुने गरेको, प्राविधिक शिक्षाको सञ्चालनमा रहेको, औषत सिकाइ उपलब्धिमा वृद्धि हुँदै गएको, गाउँपालिकाको अनुदानमा शिक्षक व्यवस्थापन गरिएको, माध्यमिक विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको पहुँच पुगेको, माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी कार्यान्वयनमा रहेको, शैक्षिक क्यालेण्डरको निर्माण कार्यान्वयन भएको, स्थानीय सरकारले शिक्षामा लगानी गरेको, धेरै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनको शुरुवात गरिएको, गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गरिएको तथा बालमैत्री दिगोपना सुनिश्चितताका कार्यक्रम निरन्तर भएको, स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिएको, केही वडामा शिक्षण लगबुकको व्यवस्था गरिएको, निगरानी समुह गठन तथा परिचालन गरिएको, विद्यालय नर्स कार्यक्रम अगाडि बढाइएको, वि.व्य.स र शि अ स सञ्जाल गठन तथा परिचालन गरिएको, किशोरी आराम कक्ष शुरुवात गरिएको, विद्यालय स्तरीय बालक्लब गठन तथा परिचालन गरिएको, विद्यालय ड्यासबोड शुरुवात गरिएको, छात्राहरुका लागि सेनेटरी प्याड वितरण गरिएको, दिवा खाजा कार्यक्रमलाई कार्यान्वयन

गरिएको, विज्ञान कम्प्युटर प्रयोगशाला, पुस्तकालयको व्यवस्था, शिक्षण विधिमा नयाँ प्रयोग (SSP) केही विद्यालयमा प्रयोग गरिएको, विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्ने टुल्सहरुको प्रयोग गरिएको, विद्यालयमा खानेपानी तथा शौचालय सुविधा रहेको आदि पक्षहरुलाई गाउँपालिकाको शिक्षा क्षेत्रको सबल पक्षको रुपमा लिईएको छ ।

### १.९ मुख्य समस्याहरु

विद्यालय उमेर समुह अनुसार तहगत विद्यार्थी हुन नसक्नु जसले गर्दा खुद भर्नादरमा त्यसको प्रत्यक्ष असर देखिन्छ । विद्यालयहरुमा बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधार केही आशिंक संरचना मात्र तयार भएकाले सिकाइ वातावरणमा पर्याप्त सुधार नहुनु, विषयगत र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी कमी हुनु, स्थानीय पाठ्यक्रम निर्माण भएता पनि कक्षागत रुपमा थप गर्दै अगाडि बढ्न नसक्नु, सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको पर्याप्त र प्रभावकारी कार्यान्वयन हुन नसक्नु, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुलाई विस्तार गर्न नसक्नु, स्थानीय तहका सबै कर्मचारीहरुको संस्थागत क्षमता विकास नहुनु, बालबालिकाहरुलाई प्राविधिक शिक्षामा पहुँच बिस्तार गर्न नसक्नु, आपतकालीन तथा संकटपूर्ण अवस्थामा बैकल्पिक योजनाहरुको कार्यान्वयन गरी बालबालिकाहरुको शिक्षा प्राप्त गर्न अधिकार सुनिश्चित गर्न नसकिनु आदि जस्ता समस्याहरुलाई यस गाउँपालिकाको मुख्य शैक्षिक समस्याको रुपमा लिइएको छ । कक्षा आठ र एसईई को सिकाइ उपलब्धि, प्रयोगात्मक र लिखित परीक्षाको सिकाइ उपलब्धिमा ठूलो अन्तर देखिदै आएको छ । यस अलावा उपर्युक्त स्थानमा र संख्यामा शैक्षिक संस्था नहुनु पनि यस गाउँपालिकाको मुख्य समस्या हो । केही विद्यालयको प्रशासनको नेतृत्व क्षमतावान नहुँदा पनि समस्या देखिएको छ । सामुदायिक विद्यालयप्रति बालबालिका र अभिभावकहरुको आकर्षण कम हुँदा समस्या झन टड्कारो बनेको छ । गाउँपालिकाको आन्तरिक स्रोतको कमीले दिवा खाजाको रकममा वृद्धि गर्न नसकिनु, बसाइसराइ, न्यून जन्मदरका कारण विद्यालयमा विद्यार्थी संख्या कम हुँदै जानुका साथै कुनै कक्षा कोठा खाली समेत हुने चुनौती थपिदै गएको छ । गाउँपालिकामा अनिवार्य विषयका अतिरिक्त थप विद्यार्थीका प्रतिभा प्रस्फुटन गराउने विषयहरु खेलकुद, संगीत, योगा जस्ता विषयको व्यवस्था गर्न नसकिएकाले पालिका भित्र विद्यालयमा आकर्षण बढ्न सकेको छैन । न्यून विद्यार्थी संख्याका कारण थप अतिरिक्त कक्षा सञ्चालन गर्न कठिनाइ भएको छ । भौगलिक विकटताले गर्दा विद्यालयको नक्सांकन तथा समायोजन गर्न समेत असर पुगेको छ जसले गर्दा विद्यार्थीहरु दैनिक शिक्षा नीति २०७६ मा उल्लेख भए अनुसार भन्दा पनि धेरै समय बाटोमा खर्च गरेको देखिन्छ ।

### १.१० अवसरहरु

संवैधानिक तथा कानूनी आधारहरु प्राप्त हुनु, स्थानीय सरकार संचालन ऐनमा शिक्षा क्षेत्रका अधिकारहरु प्राप्त हुनु, तिनै तहका सरकारहरु बिच शिक्षा क्षेत्रमा समन्वय सहकार्य र जिम्मेवारी पुरा गर्न सकिने अवसर हुनु, शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगको विस्तार हुनु, स्थानीय तहलाई स्थानीय

पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न सक्ने वातावरण हुनु, शिक्षा क्षेत्रमा ३ तहका सरकार र निजी क्षेत्रको समेत लगानी गर्न सक्ने वातावरण हुनु आदि क्षेत्रहरुलाई शिक्षा क्षेत्रको अवसरको रुपमा लिईएको छ । सामुदायिक विद्यालयमा पनि अंग्रेजी माध्यममै निशुल्क रुपमा पठनपाठन संचालन हुनुलाई समेत बलियो अवसरका रुपमा लिन सकिन्छ ।

**१.११ चुनौतीहरु**

भौतिक व्यवस्थापन पूर्ण बालमैत्री बनाउन, तहगत तथा विषय शिक्षकको पर्याप्तता गराउनु, समय सापेक्ष नियमित तालिम सञ्चालन गर्नु, विद्यालयको नक्साङकन तथा समायोजन, सीपमुलक जीवन शिक्षाको व्यवस्था गर्नु, विपन्न, गरिब र लक्षित समुहलाई पोशाक सहितको शैक्षिक सामग्रीको नियमित व्यवस्थापन गर्नु, छात्रावास तथा यातायतको प्रबन्ध मिलाउनु, गाउँपालिकाभित्र शिक्षकहरुलाई अन्तर विद्यालय सरुवा गर्नु, भौगोलिक विकटता र अव्यवस्थित बसाइले विद्यालय व्यवस्थापन र संचालनमा थप चुनौती थपेको छ । गुणस्तरीय शिक्षाका लागि बसाइसराइ बढ्दै गए संगै गाउँका बिद्यालयमा बिद्यार्थी संख्या घट्दै जाँदा चुनौती थपिएको छ ।

**१.१२ शिक्षा योजनाको आवश्यकता**

क) शिक्षामा विद्यार्थी, शिक्षक, अभिभावक र सरोकारवाला बिच सहयोगात्मक भावना स्थापित एवं विकास गर्न,

ख) विद्यालय, गा.पा. शिक्षा समिति एवम् गाउँपालिकालाई शैक्षिक ऐनमा जवाफदेही बनाउन,

ग) स्थानीय तहमा शैक्षिक योजना निर्माण, परिमार्जन, कार्यन्वयन गर्ने क्षमता र सीपको विकास गर्ने,

घ) प्रविधि सहितको शैक्षिक जनशक्तिको क्षमता अभिबृत्तिको व्यवस्थापन गर्न,

ङ) विद्यार्थी टिकाउ सिकाउलाई जोड दिने,

च) विद्यालयका भौतिक, शैक्षिक, व्यस्थापकीय प्रबन्धमा टेवा पु¥याउने,

छ) अनिवार्य र निःशुल्क गुणस्तरीय शिक्षा सुनिश्चित गर्न,

ज) भर्ना टिकाउ र गुणस्तरमा सहयोग पु¥याउने,

झ) सीपमुलक जीवन उपयोगी शिक्षा उपलब्ध गराउन पहल गर्ने,

ञ) गाउँपालिकाभित्र शिक्षा क्षेत्रमा देखिएका समस्याहरुलाई क्रमश न्यूनीकरण गर्दै लैजाने,

ट) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहका शिक्षा सम्बन्धी अधिकार पूर्ण रुपमा कार्यन्वयन गर्ने ।

**१.१३ शिक्षा योजना निर्माण प्रक्रिया**

यस गाउँपालिकाको शिक्षा योजना विभिन्न चरणका कार्यक्रमहरु सञ्चालन गर्नुको साथै उपलब्ध ऐन, कानुन, नीति नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी तयार गरिएको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरु, अनिवार्य तथा निःशुल्क शिक्षा

सम्बन्धी ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय शिक्षा क्षेत्र विकास कार्यक्रम (SESP), गाउँपालिकाले बनाएका विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, वडा गत रुपमा विज्ञ तथा जनप्रतिनिधिहरुसंग चरणबद्ध रुपमा छलफल गरी आवश्यक दस्तावेज तथा तथ्याङ्कहरु प्रत्यक्ष तथा परोक्ष रुपमा गाउँपालिकाको आवश्यकता र स्रोतलाई मध्यनजर गर्दै स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरुको सुझाव अनुरुप, हालको शैक्षिक अवस्थालाई गहन विश्लेषण गरी हामी कुन अवस्थामा छौ ? हाम्रा प्राथमिकताहरु के के हुन सक्छन ? शैक्षिक गुणस्तर सुधारका लागि तत्कालीन र दीर्घकालीन कार्यहरु के के हुन सक्छन र स्रोतको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेमा समेत छलफल गरी प्राथमिकीकरण गरी परिवर्तनका सिद्धान्तलाई आत्मसात गर्दै यो योजना निर्माण गरिएको हो ।

### १.१४ तथ्यांकको स्रोत

शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत विद्यालयले दिएको तथ्याङ्कलाई मूलरुपमा यस योजनामा प्रयोग गरिएको छ । यसरी प्रयोग गर्दा शैक्षिक सत्र २०८१ को तथ्याङ्कलाई आधार वर्ष बनाइएको छ । जनसांख्यिक विवरणका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरणलाई आधार मानिएको छ । यही तरिकामार्फत बजेट पनि प्रक्षेपण गरिएको छ। यस अलावा स्थानीय तहमा भएको स्थानीय जानकारी, विचार तथा तथ्याँकलाई पनि आवश्यकता अनुसार यस योजनामा प्रस्तुत गरिएको छ। मुलरुपमा सूचना तथा जानकारी लिन तथ्यांकका प्राथमिक तथा द्वितीय स्रोतका साधनहरुलाई पूर्णरुपमा प्रयोगमा ल्याइएको छ ।

## परिच्छेद २ : नयाँ शिक्षा क्षेत्र योजना

### २.१ दुरदृष्टि (Vision)

राष्ट्रिय शिक्षा नीति २०७६ ले राखेको दीर्घकाकालिन सोंच "समृद्ध नेपाल सुखी नेपाली" र लुम्बिनी प्रदेश सरकारले लिएको दीर्घकालिन सोच "स्वस्थ, सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश" रहेको छ । संघीय तथा प्रदेश सरकारले लिएका दीर्घकालीन सोचको मर्मलाई आत्मसात गरी आफ्नो भौगोलिक, आर्थिक तथा सामाजिक, साँस्कृतिक विशेषता तथा आफ्नो मौलिकता, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधता लगायतका पक्षमा गाउँपालिका बासीको अपेक्षाका आधारमा गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरिएको छ । आगामी ५ वर्ष भित्रमा हासिल हुने गाउँपालिकाको शैक्षिक विकासको अपेक्षित अवस्थाको परिकल्पनालाई स्पष्ट र सरल वाक्यमा प्रस्तुत गर्दै दीर्घकालीन सोच तयार गरिएको छ ।

गाउँपालिकाको दीर्घकालिन सोचः "समृद्ध बगनासकाली गाउँको सार, समग्र विकासको दिगो आधार" । शिक्षा योजनाको दीर्घकालिन सोच : "घरघरमा गुणस्तरीय शिक्षा, बगनासकाली गाउँपालिकाको सदिच्छा" सुनिश्चितता गर्दै गाउँपालिकाभित्रका सम्पूर्ण बालबालिकाले सर्वसुलभ रुपमा संविधानको धारा ३१ अनुसार शिक्षा उपलब्ध गराउने सोच अनुरुप यो योजना तयार गरिएको छ ।

### २.२ लक्ष्य

**'विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगार मुलक र उत्पादनमुखी बनाई देश र समाजको आवश्यकता अनुसार मानव संसाधनको विकास गर्ने'**

### २.३ उद्देश्यहरु

१. विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको समतामूलक पहुँच, सहभागिता गुणस्तरीय निशुल्क शिक्षाको प्रत्याभूति दिलाउनु,
२. विद्यालय तहको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चितता गर्नु,
३. बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु,
४. विषयगत र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी व्यवस्थापन गर्नु,
५. स्थानीय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गरी अपनत्व वृद्धि गर्नु,
६. एक्काइसौं शताब्दीसँग जुध्न सक्ने ज्ञान, सीप र प्रविधिमा सक्षम जनशक्ति विकास गर्नु,
७. विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन गर्नु,
८. अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरु सुनिश्चित गर्नु,
९. स्थानीय तहको संस्थागत क्षमता विकास गर्नु,
१०. प्राविधिक शिक्षामा पहुँच बिस्तार गरी सीपमुलक जनशक्ति उत्पादन गर्नु र,

११. आपत्कालीन तथा संकटपूर्ण अवस्थामा पनि बैकल्पिक योजनाहरुको कार्यान्वयन गरी बालबालिकाहरुको शिक्षा प्राप्त गर्न अधिकार सुनिश्चित गर्नु

१२. राष्ट्रिय शिक्षा नीति २०७६ को मूलमर्मलाई सुनिश्चित गर्नु ।

## २.४ उद्देश्य तथा रणनीतिहरु

| उद्देश्यहरु | रणनीतिहरु |
|---|---|
| १.विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको समतामुलक पहुँच, सहभागिता गुणस्तरीय निशुल्क शिक्षाको प्रत्याभुती दिलाउनु, | १.१ विद्यालय नक्साङ्कन, समायोजन, विकास र विस्तार गरी आवश्यकता अनुसार बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।<br>१.२ भौगोलिक दुरी टाढा भएका बस्तीका बालबालिका सहित अनाथ तथा अति विपन्न बालबालिकाको लागि यातायातमा सहुलियत र आवासीय विद्यालय सञ्चालन गर्ने ।<br>१.३ कुमाल र बोटे समुदायका बालवालिकाहरुलाई माध्यमिक तहसम्मको विद्यालय शिक्षामा निशुल्क पहुँच सुनिश्चित गर्ने । |
| २. विद्यालय तहको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चित गर्नु, | २.१ शिक्षण सिकाइलाई प्रभावकारी बनाउन डिजिटल सिकाइमा जोड दिने,<br>२.२ विद्यालयका शैक्षिक गतिविधि अनुगमन गरी समयमा सुधार गर्न शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक समिति सहितको स्थानीय विद्यालय अनुगमन संयन्त्र तयार गरी शिक्षाको गुणस्तर सुधारको लागि पृष्ठपोषण र सहजिकरण गर्ने<br>२.३ विद्यालयमा खेलकुदलाई प्रवर्द्धन गर्न प्रयाप्त मात्रामा खेलकुदको सामग्री व्यवस्था गरिनुका साथै बालबालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रबन्ध गर्ने ।<br>२.४ पाठ्यसामग्रीको व्यवस्था, शैक्षिक सामग्री, विद्युतीय पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्ने ।<br>२.५ पढ्दै कमाउँदै कार्यक्रमलाई जोड दिने,<br>२.६ कक्षा ३, ५ र ८ को अन्तिम परीक्षाको मूल्याङ्कन बाह्य प्रणालीमा आधारित बनाउने ।<br>२.७ अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता । |

| | |
|---|---|
| ३. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु, | ३.१ विद्यालय नक्साङ्कनको आधारमा उपयुक्त बालमैत्री भौतिक पूर्वाधार निर्माणमा निरन्तरता दिने ।<br>३.२ बालमैत्री तथा अपांगमैत्री सिकाइ वातावरण निर्माण गर्ने<br>३.३ हरेक विद्यालयमा बाल उद्यानको स्थापना, बगैंचा वृक्षारोपण तथा संरक्षणको अभ्यास गर्ने ।<br>३.४ गर्दै सिक्दै शैक्षिक क्रियाकलापमा जोड,<br>३.५ बालबालिकाको अन्तरनिहित प्रतिभाको पहिचान तथा प्रस्फुटनको अवसर प्रदान ।<br>३.६ खेल उद्यानको निर्माण गर्ने । |
| ४. शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दी व्यवस्थापन गर्नु, | ४.१ विद्यार्थी संख्याको आधारमा आधारभूत तथा माध्यमिक तहमा शिक्षक दरबन्दी मिलान गर्ने ।<br>४.२ शिक्षक दरबन्दी मिलानको आधारमा विषयगत र कक्षागत शिक्षक व्यवस्थापन गर्ने,<br>४.३ शिक्षक नियुक्ती तथा सरुवा गर्दा विषयगत क्षेत्रलाई जोड दिने । |
| ५. स्थानीय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गरी अपनत्व वृद्धि गर्नु, | ५.१ हाल स्थानीय आवश्यकतामा आधारित विषयबस्तुहरु छनौट गरी तयार गरिएको स्थानीय पाठ्यक्रमलाई निरन्तरता दिने ।<br>५.२ स्थानीय पाठ्यक्रममा समावेश विषयवस्तुको आधारमा विद्यार्थीहरुको सिकाइ उपलब्धिको मूल्यांकन गर्ने ।<br>५.३ सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा ख्याती कमाएका उद्यमी, कृषक, कालिगड, ख्यातीप्राप्त व्यक्ति तथा शिल्पीहरुसंग साप्ताहिक कार्यक्रम अर्न्तगत अन्तरक्रिया तथा सीप हस्तान्तरणको अवसर उपलब्ध गराउने,<br>५.४ स्थानीय विषयवस्तुमा आधारित रही परियोजना कार्यमा जोड दिने,<br>५.५ नैतिक र व्यवहारिक शिक्षामा जोड । |
| ६. एक्काइसौं शताब्दीसँग जुध्न सक्ने ज्ञान, सीप र प्रविधिमा सक्षम जनशक्ति विकास गर्नु, | ६.१ विश्व परिवेश भए गरेका उपलब्धिसँग परिचित गराउने,<br>६.२ बालबालिकाको क्षमता र प्रतिभा अनुसारको सिकाइ वातावरण तयार गरी सिक्ने अवसर प्रदान गर्ने। |
| ७. विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन गर्नु, | ७.१ आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्ने ।<br>७.२ विद्यालयमा गुणस्तरीय इन्टरनेट सुविधा तथा शिक्षण सिकाईका लागि कम्प्युटर, डिजिटल सामग्री, मल्टिमिडियाको व्यवस्था, (AVR System) तथा शिक्षकको आवश्यक क्षमता विकासको वातावरण |

| | |
|---|---|
| | मिलाउने ।<br>७.३ विद्यालयहरुको अनुगमनमा इ-हाजिरी र सिसि क्यामरा जडान गरी दैनिक हाजिरी, सूचना प्रवाह र अभिलेख व्यवस्थापनमा सूचना तथा संचार प्रविधि प्रयोग गर्ने ।<br>७.४ शिक्षक तथा विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन, खोज तथा क्षमता विकास गर्ने ।<br>७.५ विद्यालयहरुमा सुविधा सम्पन्न सूचना संचार प्रविधिको उपयोग (ICT) ल्याव तथा विद्युतीय पुस्तकालय स्थापना गर्ने । |
| ८. अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरु सुनिश्चित गर्नु, | ८.१ आवश्यकतामा आधारित अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रमहरु संचालन गर्ने ।<br>८.२ सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी सीप विकास, आयआर्जन, शैक्षिक योग्यताको प्रमाणीकरण लगायतका कार्यहरु गर्ने ।<br>८.३ परम्परागत सीप उद्यमीको विकास गर्ने,<br>८.४ अनौपचारिक शिक्षाको माध्यमबाट वि.सं. २०८४ साल सम्ममा आधारभुत शिक्षाको अवसर सबै नागरिकलाई प्रदान गर्ने । |
| ९. स्थानीय तहको संस्थागत क्षमता विकास गर्नु, | ९.१ स्थानीय तहमा आवश्यक जनशक्ति, पूर्वाधार, श्रोतसाधन व्यवस्थापन गर्ने ।<br>९.२ स्थानीय तहमा कार्यरत जनशक्तिहरुको क्षमता विकास गर्ने,<br>९.३ समय सान्दर्भिक तालिमको व्यवस्थापन गर्ने । |
| १०. प्राविधिक शिक्षामा पहुँच बिस्तार गरी सीपमुलक जनशक्ति उत्पादन गर्नु, | १०.१ प्राविधिक विद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधार, जनशक्ति तथा सामग्रीको यथोचित व्यवस्था गरी आवश्यकता अनुसार प्राविधिक धारको कक्षालाई निरन्तरता दिने ।<br>१०.२ असल सिकाइबाट शिक्षामा गुणात्मक सुधार ल्याउन हरेक वडामा लिडर र फिडर विद्यालयको अवधारणा कार्यान्वयन गर्ने ।<br>१०.३ विद्यार्थीलाई कृषि, प्राविधिक ज्ञान, विशिष्ट सीप सम्बन्धमा जानकारी प्रदान गरी प्रयोगात्मक अभ्यास लगायत रचनात्मक कार्यहरु सञ्चालनको व्यवस्था गर्ने,<br>१०.४ मेशिनरी औजार प्रयोग तथा मर्मत सम्बन्धी सीपको विकास गर्ने । |

| बगनासकाली गाउँशिक्षा योजना | |
|---|---|
| ११. आपतकालीन तथा संकटपूर्ण अवस्थामा वैकल्पिक योजनाहरुको कार्यान्वयन गरी बालबालिकाहरुको शिक्षा प्राप्त गर्न अधिकार सुनिश्चित गर्नु, | ११.१ स्थानीय तहको विपद व्यवस्थापन योजना निर्माण गर्ने<br>११.२ आपतकालिन तथा संकटकालिन अवस्थामा विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्न रेडियो, टेलिभिजन, अनलाईन, वैकल्पिक सिकाइ सामग्रीहरुको विकास, विस्तार र प्रसारण गर्ने ।<br>११.३ विपद व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी र व्यवस्थापन सम्बन्धी अभ्यास तथा सामग्री वितरण गर्न<br>११.४ विपद व्यवस्थापनमा गाउँपालिकामा संचालित स्थानीय स्काउटलाई थप सशक्त बनाउने । |
| १२. राष्ट्रिय शिक्षा नीति २०७६ को मूल मर्मलाई सुनिश्चित गर्नु । | १२.१ राष्ट्रिय शिक्षा नीतिमा उल्लेखित उद्देश्य, रणनीति तथा कार्यनीतिमा ख्याल गर्दै शैक्षिक गतिविधि सञ्चालन गर्ने । |

### २.५ अपेक्षित उपलब्धिहरु

१. विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित हुनेछ ।

२. पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धीहरु हासिल भएको हुनेछ ।

३. बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधार निर्माण भई सिकाइ वातावरणमा सुधार आउनेछ ।

४. विषयगत र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी मिलान भई आवश्यकता अनुसार शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

५. स्थानीय पाठ्यक्रम निर्माण भई प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

६. विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधिको विस्तार भएको हुनेछ ।

७. अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन भएको हुनेछन् ।

८. स्थानीय तहमा कार्यरत जनशक्तिहरुको क्षमता विकास भएको हुनेछ ।

९. प्राविधिक शिक्षामा पहुँच पुगी सीपमुलक जनशक्ति उत्पादन हुनेछ ।

१०. आपतकालीन अवस्थामा बैकल्पिक शैक्षिक योजनाहरुको कार्यान्वयन भई बालबालिकाहरुको सिक्ने पाउने अधिकार सुनिश्चित भएको हुनेछ

११. एक्काइसौं शताब्दीसँग जुध्न सक्ने ज्ञान, सीप र प्रविधिमा सक्षम जनशक्ति विकास हुनेछ ।

१२. राष्ट्रिय शिक्षा नीति २०७६ लाई कार्यन्वयनमा ल्याउने गरी उपलब्धी देखिनेछन ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क.सं. | सूचक | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक वालविकास र शिक्षामा कूल भर्ना दर | | नेपाल | १०१ | | | | | |
| | | | बगनासकाली | १७०.३२ | १६५ | १६० | १५५ | १५० | १४५ |
| १.२ | प्रारम्भिक वालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | | नेपाल | ७६.३ | | | | | |
| | | | बगनासकाली | ४४.४ | ४५.४ | ४७ | ४९ | ५२ | ५५ |
| २ | आधारभूत शिक्षा १ देखि ८ | | | | | | | | |
| २.१ | कक्षा १ देखि ५ को खुद भर्ना दर | | नेपाल | ९४.४ | | | | | |
| | | | बगनासकाली | ७०.२९ | ७१.२९ | ७२.२९ | ७३.२९ | ७४.२९ | ७५.२९ |
| २.२ | कक्षा १ देखि ५ को कूल भर्ना दर | | नेपाल | १३०.५ | | | | | |
| | | | बगनासकाली | १०८.२८ | १०६ | १०५ | १०४ | १०२ | १०० |
| २.३ | कक्षा १ देखि ५ को कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | | नेपाल | १.०० | | | | | |
| | | | बगनासकाली | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | १.०० |
| २.४ | कक्षा १ देखि ८ को खुद भर्ना दर | | नेपाल | ९४.१ | | | | | |
| | | | बगनासकाली | ८२.७० | ८३.७० | ८४.७ | ८६.७० | ८८.७ | ९० |
| २.५ | कक्षा १ देखि ८ को कूल भर्ना दर | | नेपाल | १२४.८ | | | | | |
| | | | बगनासकाली | १०९.०४ | १०९ | १०८ | १०६ | १०४ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | | नेपाल | ८६.५ | | | | | |
| | | | बगनासकाली | ९९.२० | ९९.५ | १०० | १०० | १०० | १०० |
| २.७ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | | नेपाल | ८२.४ | | | | | |
| | | | बगनासकाली | ९९.२० | ९९.५ | १०० | १०० | १०० | १०० |
| २.८ | आधारभूत तहको कक्षा १ देखि ८ को कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | | नेपाल | १.०० | | | | | |
| | | | बगनासकाली | ०.९७ | ०.९७ | ०.९८ | ०.९९ | १.०० | १.०० |
| २.९ | कक्षा ५ मा न्यूनतम औषत सिकाइ उपलब्धि हासिल गरेका कक्षा ५ को आधारभूत तह हासिल भएका बालबालिकाको संख्या | नेपाली | बगनासकाली | ३.२८ | ३.३० | ३.३२ | ३.४० | ३.५ | ३.६ |
| | | गणित | बगनासकाली | ३.१२ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.६ |
| | | अंग्रेजी | बगनासकाली | ३.१० | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.६ |
| २.१० | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ८ को आधारभूत तह हासिल भएका बालबालिकाको संख्या | नेपाली | बगनासकाली | ३.२९ | ३.३२ | ३.५ | ३.६ | ३.६५ | ३.८ |
| | | गणित | बगनासकाली | ३.०३ | ३.२ | ३.४ | ३.५ | ३.६ | ३.८ |
| | | अंग्रेजी | बगनासकाली | ३.१५ | ३.२ | ३.५ | ३.६ | ३.६५ | ३.८ |
| ३. | माध्यामिक शिक्षा कक्षा ९ देखि १२ | | | | | | | | |
| ३.१ | माध्यामिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | | नेपाल | ५५.८ | | | | | |
| | | | बगनासकाली | ७६.८४ | ७७.८ | ७८.८ | ७९.८ | ८०.८ | ८२ |
| ३.२ | | | नेपाल | ८०.६ | | | | | |

## बगनासकाली गाउँशिक्षा योजना

| क्र.सं. | सूचक | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यामिक तह कक्षा ९ देखि १२ को कूल भर्ना दर | | बगनासकाली | १११.४ | १११ | ११० | १०९ | १०८ | १०५ |
| ३.३ | आधारभूत तहको कक्षा ८ बाट कक्षा ९ मा जाने विद्यार्थी दर | | नेपाल | | | | | | |
| | | | बगनासकाली | ९२.७९ | ९३ | ९४ | ९५ | ९६ | ९८ |
| ३.४ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर | | नेपाल | ६६.९ | | | | | |
| | | | बगनासकाली | ४८.४७ | ४९ | ५० | ५१ | ५३ | ५५ |
| ३.५ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि | नेपाली | बगनासकाली | २.७८ | २.८ | २.९ | ३.० | ३.१ | ३.२ |
| | | गणित | बगनासकाली | २.१३ | २.२ | २.३ | २.४ | २.८ | ३.२ |
| | | विज्ञान | बगनासकाली | २.२५ | २.३ | २.४ | २.६ | २.८ | ३.२ |
| | | अंग्रेजी | बगनासकाली | २.४० | २.५ | २.६ | २.८ | ३.० | ३.२ |
| ४. | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर | | नेपाल | ७६.२ | | | | | |
| | | | बगनासकाली | ८१.७ | ८२.० | ८४.० | ८६.० | ८८.० | ९० |
| ४.२ | साक्षरता दर ५ वर्ष भन्दामाथि | | नेपाल | ७८ | | | | | |
| | | | बगनासकाली | ८२.६ | ८३.० | ८५.० | ८६.० | ८८.० | ९० |
| ५ं | सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ५.१ | सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १ देखि ५ मा शिक्षक विद्यार्थी अनुपात | | नेपाल | | | | | | |
| | | | बगनासकाली | १:११ | १:१३ | १:१५ | १:१९ | १:२० | १:२२ |
| ५.२ | सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १देखि ८ मा शिक्षक विद्यार्थी अनुपात | | नेपाल | १:१९ | | | | | |
| | | | बगनासकाली | १:८ | १:२२ | १:२५ | १:२७ | १:२८ | १:३० |
| ५.३ | सामुदायिक विद्यालयको माध्यामिक तह कक्षा ९ देखि १२ मा शिक्षक विद्यार्थी अनुपात | | नेपाल | १:६५ | | | | | |
| | | | बगनासकाली | १:१० | १:१२ | १:१५ | १:१८ | १:१९ | १:२० |

## परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु जस्तैः प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक तथा आजीवन सिकाइसँग सम्बन्धित उपक्षेत्रहरुको परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण जस्ता उपशीर्षकहरुमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ३.१ प्रारम्भिक वालविकास र शिक्षा

#### ३.१.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३९ उपधारा ३ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संसोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगका रुपमा मान्यता दिनुले यस्को आवश्यकता र महत्व थप पुष्टि भएको छ । प्रारम्भिक वालविकासले आधारभूत शिक्षाका लागि विद्यार्थीलाई तयार गराउने कार्य गर्दछ । प्रारम्भिक वालविकासले विद्यालय जाने उमेरका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक जस्ता सर्वाङगीण विकासमा सहयोग गर्दछ । शिक्षा ऐन २०२८, नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, मा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ । नेपालको सोह्रौं योजनामा पनि प्रारम्भिक वालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा सो कार्यक्रमलाई समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरुको पहुँचमा पुऱ्याउनका लागि सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूको हातेमालो वा सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनको योजना तथा प्रमुख नतिजाका लक्ष्यहरू निम्नानुसार उल्लेख गरिएको छ ।

#### ३.१.२ वर्तमान अवस्था

बगनासकाली गाउँपालिका अर्न्तगत कुल ३३ वटा बालविकास केन्द्रहरू रहेका छन । गाउँपालिका भित्र प्रारम्भिक बाल विकास केन्द्रमा ६३७ जना बालबालिकाहरू रहेका छन । उमेर नपुगेका बालबालिका समेत बालविकास केन्द्रमा जाने गरेको पाईन्छ । विद्यालयमा सञ्चालित बालविकास केन्द्रको अवस्था सन्तोषजनक रहेको छ । बालविकास केन्द्रको सहयोगी कार्यकर्ताहरूको सेवा, सुविधा समेत स्पष्ट गर्नु पर्ने अवस्था रहेको छ । यस गाउँपालिकाको बालविकासमा सहजै देखिने भर्नादर १७०.३२, बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाहरु ४४.४ प्रतिशत रहेको छ ।

#### ३.१.३ उद्देश्य

१. प्रारम्भिक बाल विकास शिक्षामा पहुँच सुनिश्चित गर्नु, ।

२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.४ रणनीति

१. बालविकास केन्द्रहरुको नक्साङ्कन, समायोजन, विकास र विस्तार गर्ने,

२. बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गर्न केन्द्रका मापदण्ड अनुसार कार्यान्वयन गर्ने,

३. संघीय सरकारले अवलम्बन गरेको मापदण्ड र ढाँचा अनुसार अनुदानका आधारमा वालविकास शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने,

४. अभिभावकविहिन बालबालिका तथा फरक क्षमता भएका बालबालिकालाई गाउँपालिकाले संरक्षण गरी समता मूलक शिक्षा प्रदान गर्ने,

५. गुणस्तर सुनिश्चित गर्न सिकाइको आवश्यकता सम्बोधन गर्न वालविकास पाठ्यक्रमको कार्यान्वयन गर्ने,

६. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार, समुदाय, सङ्घसंस्था नीजि क्षेत्र र विद्यालयलाई जिम्मेवारी बनाईने,

७. बाल शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने र

८. बालविकास केन्द्रमा आवश्यकता अनुसार सिकाइ सामग्रीहरुको ब्यबस्था गर्ने ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै बालबालिकाहरूलाई गुणस्तरीय वालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुनेछ ।

बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्यामा वृद्धि हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१. बालविकासमा सहजै देखिने भर्नादर ९५ प्रतिशत पुगेको हुनेछ,

२. बालविकास अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ९८ प्रतिशत पुगेको हुनेछ,

३. बाल शिक्षकहरुले तालिम प्राप्त गरेका हुनेछन्,

४. बालविकास केन्द्रको व्यवस्थापन सुधार आएको हुनेछ,

५. बालविकास तथा शिक्षाका कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, संघसंस्था र विद्यालय जिम्मेवार हुनेछ,

६. साहाराविहिन भएका बालबालिकाले एक्लोपनको महशुस गर्ने छैनन् ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| मुख्य क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| बालविकास केन्द्रको समायोजन, पुर्नसंरचना र वितरण | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | २ | ४ |
| बाल शिक्षकलाई तालिम | जना | ४० | | ४० | | ४० | १२० | १२० |

| बगनासकाली गाउँशिक्षा योजना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालबिकास शिक्षाको मापदण्ड प्रवोधीकरण | पटक | | १ | | | १ | २ | २ |
| बालविकास केन्द्रमा सूचना प्रविधिको व्यवस्था | वटा | ३ | ६ | ६ | ८ | ७ | ३० | ३० |
| बाल उद्यान तथा शैक्षिक, खेलकुद सामग्री निर्माण तथा सजावट | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| स्वास्थ्य परीक्षण, खोप अभिलेख, कुपोषित बालबालिकालाई आवश्यक प्रवन्ध गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५ |
| बाल शिक्षकहरुको पारिश्रमिक व्यवस्थापन | जना | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | १६५ |
| अनुगमन, समन्वय, सम्परीक्षण र सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षा भनेर परिभाषित गरेको छ । यस तहमा ५ वर्ष देखि १२ वर्ष उमेर समुहका बालबालिकाहरु अध्ययन गर्दछन् । नेपालको संविधानको धारा ३१ को उपधारा १ मा आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रुपमा राखिएको छ। यस तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने दायित्व सरकारको हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ ले यस तहको शिक्षा प्रदान गर्ने दायित्व संघ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहका सबै बालबालिकालाई विद्यालय पठाउन प्रत्येक नागरिकको कर्तव्य हुनेछ। यस तहको शिक्षालाई स्थानीय तहका एक अधिकार, संघ र प्रदेशको पनि दायित्व रहेको छ । आधारभूत शिक्षा अन्तरगत बालविकास कक्षा देखि कक्षा ८ सम्मको शिक्षामा पहुँच साथै गुणस्तर तथा व्यवस्थापकीय प्रबन्धको व्यवस्था हुनेछ । वर्तमान अवस्थाको शिक्षा क्षेत्रको समिक्षाको आधारमा चुनौतीहरू पहिचान गरी आगामी ५ वर्षको लागि यस तहको शिक्षा विकासको उद्देश्य, रणनीति, नतिजा, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

यस गाउँपालिकामा जम्मा ३७ वटा विद्यालयहरु मध्ये २२ वटा विद्यालयहरू आधारभूत तहका रुपमा सञ्चालित छन्। यस तहको शिक्षाको पहुँचमा आर्थिक, सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिका कारणले असमानता रहेको छ। विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र संरक्षित बनाउने थप प्रयास आवश्यक छ । यस तहमा गाउँपालिकामा शैक्षिक सत्र २०८२ सालमा जम्मा २५५० विद्यार्थीहरु अध्ययनरत छन्। उक्त तहमा २३२ शिक्षकहरु कार्यरत छन्। शिक्षक र विद्यार्थी संख्यालाई हेर्दा प्रति शिक्षक विद्यार्थी अनुपात १:१० देखिन्छ । यस तथ्यांकमा इमिसमा अद्यावधिक नभएका विद्यार्थीको संख्यामा समावेश भएको छैन ।

**३.२.३ उद्देश्य**

१. ५-१२ उमेर समुहका सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२. आधारभूत शिक्षा पूरा गरेको सबै बालबालिकाहरूमा न्युनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न,

३. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन,

४. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरुलाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रुपमा पूरा गराउन्,

**३.२.४ रणनीतिहरू**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाईने ।

२. संघीय मापदण्ड अनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुर्नवितरण तथा समायोजन गर्ने ।

३. आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धि हाँसिल गराउन निरन्तर रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइको लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने ।

४. आफ्ना क्षेत्रभित्र विद्यालय बाहिर रहेको सबै बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (वैकल्पिक अनौपचारिक खाल परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमुलक कार्यक्रम आवासीय सुविधा आदि) मिलाईने ।

५. सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइका उचित प्रबन्धसहित न्युनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।

६. न्युनतम सक्षमता हाँसिल गराउन कक्षागत रुपमा १-५, ६-८, ९-१० र ११-१२ कक्षा सम्म वार्षिक रुपले गाउँपालिकाले संघीय र प्रदेश सरकारसंग समन्वय गर्ने ।

७. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसंग परिचित गराई शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने ।

८. विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक सङघको पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने ।

९. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य इकाई तथा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम स्वास्थ्य सस्थाको सहकार्यमा सञ्चालन गर्ने ।

१०. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने ।

११. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध गर्ने ।

१२. Comprehensive School Safety Framework (CSSF) लागु गर्ने । यसको अलवा आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतको परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउन योजना तयार गरी कार्यान्वयनमा लैजाने ।

१३. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधि लगायतको प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गर्ने ।

१४. संघीय सरकारले शिक्षाको न्युनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीको आधारहरूको पुनरावलोकन गरी स्थानीय तहको लागि दरवन्दी निर्धारण गरिनेछ र स्थानीय तहले आवश्कताअनुसार शिक्षक दरबन्दी पुनवितरण तथा समायोजन गर्ने ।

१५. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारमा क्षेत्र पहिचान गर्ने ।

१६. मूल्याङ्कनलाई स्तरीय, मर्यादित र युक्तिसंगत बनाउन एकीकृत प्रणाली अपनाइनेछ जसका लागि सफ्टवेयरको विकास गरी कक्षागत तथा तहगत विश्लेषणको व्यवस्था मिलाउने ।

१७. अभिभावकहरुलाई अपनत्व ग्रहण गर्ने परिपाटीलाई प्रभावकारी बनाउन निगरनी समूहको अवधारणालाई बिकसित गर्दै लगिने छ ।

१८. संस्थागत तथा गुठीमा सञ्चालित विद्यालय सामुदायिक विद्यालयमा समाहित हुन चाहेमा मार्ग प्रशस्त गरिनेछ ।

१९. नेपाल सरकारले उपलब्ध गराउँदै आएको कक्षा १-५ मा अध्ययनरत बालबालिकाको दिवाखाजा कार्यक्रमलाइ प्रभावकारी बनाउन विद्यालयमै मापदण्ड अनुसारको खाजा तयार गरी खुवाउने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

२०. विद्यालयहरु बीच असल अभ्यासको सिकाइ आदान प्रदान गर्न वडा तहमा गठन भएका बिद्यालय व्यवस्थापन समिति संजाललाई निरन्तरता दिदै पालिका भित्र बिस्तार गरिनेछ ।

२१. पालिकामा रहेका बिद्यालयको न्यूनतम मापदण्ड तयार गरी सोको कार्यान्वयन गर्न प्रोत्साहन स्वरुप आकर्षक बिद्यालय सहयोग कोष स्थापन गरी सहयोग गरिने छ ।

२२. जलवायू न्याय, दिगो कृषि, संस्कारी बिद्यार्थी र प्रथाजन्य हानिकारक सामाजिक अभ्यास बिरुद्धको अभियान जस्ता आम सचेतीकरणका अभियानहरु बिद्यार्थीको नेतृत्वमा संचालन गर्न पहल गरिने छ ।

२३. पालिकाको अनुगमन पद्धतिलाई थप प्रभावकारी बनाईने छ । आधारभूत तहदेखि पालिकाभित्रका सबै बिद्यालयमा शिक्षण लगबुकको अभ्यासलाई कार्यान्वयन गरिने छ ।

२४. परीक्षा प्रणालीलाई बिश्वसनिय र मर्यादित बनाउन पालिकाले उपयुक्त बिधि र प्रक्रियाको अवम्बन गरी तहगत सिकाइ उपलब्धिमा देखिदै आएको ठूलो भिन्नतालाई घटाउने छ ।

२५. आधारभूत तह ३, ५, ८ को परीक्षा गाउँपालिका स्तरीय बनाइनेछ ।

### ३.२.५ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. आधारभूत तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

२. आधारभूत शिक्षा पूरा गरेको सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन ।

३. आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१. आधारभूत तहको (१-८) को खुद भर्नादर ९७.० प्रतिशत पुगेको हुनेछ ।

२. आधारभूत तहको औषत सिकाइ उपलब्धि ३.६५ जि पि ए प्रतिशत पुगेको हुनेछ ।

३. सुरक्षित र बालमैत्री कक्षाकोठाको निर्माण भएको हुनेछ ।

४. आधारभूत तहमा कक्षागत र विषयगत शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

**तालिका: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| मुख्य क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| विद्यालय नक्शाङ्कन,पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| आधारभूत तहमा शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| शिक्षक तथा कर्मचारीलाई आइसिटी तालिम | जना | ३७ | ३७ | ३७ | ३७ | ३७ | १८५ | १८५ |
| आधारभूत तहमा विद्यार्थी भर्ना अभियान | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५ |
| अभिभावक शिक्षा कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| विद्यार्थी सिकाई उपलब्धी लेखाजोखा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| स्थानीय पाठ्यक्रम निर्माण, प्रबोधिकरण र कार्यान्वयन | कक्षा | १-३ | ४ | ५ | ६-७ | ८ | ८ पटक | ८ पटक |
| प्रकोप, संकट, माहामारी, नैतिक शिक्षा र अनुशासन सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| विद्यालयमा स्वास्थ्य तथा पोषण, दिवा खाजाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| छात्रबृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण र | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| बगनासकाली गाउँशिक्षा योजना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| शैक्षिक सामाग्री वितरण | | | | | | | | |
| कक्षा ५ र ८ मा स्तरीकृत परीक्षा संचालन र व्यवस्थापन | पटक | २ | २ | २ | २ | २ | १० | १० |
| वि.व्य.स., शि.अ.सं लगायतको क्षमता अभिबृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| यातायातको साधन प्रयोग गरी विद्यार्थीहरुलाई विद्यालयमा ल्याउने (मर्जको अवस्था) | आवश्यकता अनुसार | | | | | | | |
| विद्यालय अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

अनिवार्य आधारभूत शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीहरुले आफ्नो रुचि र क्षमता अनुसारको माध्यमिक तहमा साधारण वा प्राविधिक धारको शिक्षा छनोट गर्ने अवसर विद्यार्थीहरुलाई प्रदान गर्नु पर्दछ। मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने लक्ष्य शिक्षा सम्बन्धी विभिन्न आयोगले सिफारिस गरेका छन् सोही अनुसार नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ। नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहका अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ। माध्यमिक तहको शिक्षाको कामको संसारमा प्रवेश गर्न सक्ने सीप सहितको नागरिक विकास तथा उच्च शिक्षाका लागि तयारीको आधार हो। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ। यसले प्रारम्भिक बालकक्षा देखि कक्षा ८ सम्मलाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच निःशुल्क हुने व्यवस्था उल्लेख गरेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपको बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिबृद्धि गर्ने रणनीति लिएको छ।

वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक गरी ३ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ। प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ। संविधानले प्रदत्त गरेको शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्ने अपरिहार्य भएको छ।

### ३.३.२ वर्तमान अवस्था

गाउँपालिकाभित्र जम्मा १० वटा माध्यमिक विद्यालयहरू सञ्चालित छन। यस मध्ये ७ वटा माध्यमिक विद्यालयमा कक्षा ९-१२ को पठन पाठनपाठन भइरहेको छ भने ३ वटा विद्यालयमा कक्षा ९-१० तथा प्राविधिक धार तर्फ एउटा विद्यालयले सिभिल इन्जीनियरिङको कक्षा सञ्चालन गर्दै आइरहेको छ।

गाउँपालिका भित्रको तथा आसपासको गाउँपालिकाको विद्यार्थीहरु पठनपाठनको लागि यहाँको विद्यालयहरुमा आउने गर्दछन । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको संख्या ५८३ जना रहेका छन् । माध्यमिक तह ९ देखि १० को खुद भर्नादर ८८.०६% रहेको छ । त्यस्तै कक्षा ११-१२ को खुद भर्नादर ५६.७१ रहेको छ । माध्यमिक तहमा ६१ जना शिक्षक दरबन्दी रहेका छन् । माध्यमिक तहमा औषत सिकाइ उपलब्धि २.५८ रहेको छ ।

**३.३.३ उद्देश्यहरू**

१. माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२. माध्यमिक तहको शिक्षा हासिल गरेका विद्यार्थीहरुमा सीपमुलक, प्रविधियुक्त र गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्ने,

३. माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,

**३.३.४ रणनीतिहरू**

१. विद्यालयहरूका वास्तविक अवस्था र नक्शाङ्कन गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनवितरण तथा समायोजन गर्दै Big School को अवधारणालाइ अगाडि बढाउने,

२. संघीय र प्रादेशिक सरकारसंग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गर्ने,

३. अति गरिब र विपन्न बिद्यार्थीहरुको लागि प्रोत्साहनमूलक कार्यक्रमहरुको व्यवस्था गर्ने,

४. संघीय र प्रादेशिक सरकारसंग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेशागत र पुर्नताजगी तालिमको व्यवस्था गर्ने ,

५. विद्यालयहरूको सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गर्ने,

६. दरबन्दी र सिकाइ उपलब्धि कम भएका विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन गर्ने,

७. जीवन उपयोगी सिकाइसंग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापन गर्ने,

८. सबै माध्यमिक विद्यालयमा न्युनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

९. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,

१०. गणित, विज्ञान र अङग्रेजी विषयहरूलाई दैनिक जीवनसंग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गर्ने,

११. सूचना प्रविधिको अधिकतम उपयोग गर्दै स्टिम (STEM) का अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने,

१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने,

१३. सबै माध्यमिक विद्यालयमा विद्यालय नर्सको विस्तारमा जोड दिइने छ,

१४. संघीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गर्ने,

१५. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप (संगीत, नृत्य, गायन, खेलकुद आदि) को स्तरोन्नति गर्न शिक्षक व्यवस्थापन गर्ने,

१६. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभावकारी बनाउने,

१७. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिबृद्धि गरी शिक्षकका कार्य सम्पादन, कार्य प्रभावकारिता र जवाफदेहितामा बृद्धि गर्ने,

१८. हाल सञ्चालनमा रहेको प्राविधिक धारका विद्यालयको उचित व्यवस्थापन गर्दै आवश्यकता आधारमा विद्यालयलाई थप सहायता गर्न जोड दिने,

१९. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणको साथ जङक फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीका पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्ने

२०. आपत्कालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गर्ने,

२१. Comprehensive School Safty Framework (CSSF) लागु गर्नेछ । यसका अलवा आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतको परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने योजना तयार गरी कार्यान्वयनमा लैजाने

**३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

१. माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,

२. माध्यमिक शिक्षा पूरा गरेको सबै बालबालिकाहरूमा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्,

३. माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुनेछ ।

**ख) नतिजा**

१. हाल माध्यमिक तहको (९-१२) को खुद भर्नादर ७६.८४ भएकोमा ८२ प्रतिशत पुगेको हुनेछ,

२. माध्यमिक तहको औषत सिकाइ उपलब्धि २.४२ जि पि ए भएकोमा २.८ पुगेको हुनेछ ।

३. सुरक्षित र बालमैत्री कक्षाकोठाको निर्माण भएको हुनेछ ।

४. माध्यमिक तहमा कक्षागत र विषयगत शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिकाः माध्यमिक शिक्षाको प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| मुख्य क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | |
| विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| माध्यमिक तहमा शिक्षक दरबन्दी मिलान | | | | | | | | आवश्यक्ता अनुसार |
| विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन | जना | १० | १० | १० | १० | १० | ५० | लेखापाल |
| शिक्षक कर्मचारीलाई आइसिटी तालिम | जना | २२ | २२ | २२ | २२ | २२ | ११० | |
| माध्यमिक तहमा भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम | वटा | ० | १ | १ | ० | ० | २ | ० |
| प्र.अ. तथा शिक्षक पेशागत तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| विद्यार्थी सिकाइ उपलब्धि लेखाजोखा | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| बाल क्लव, जु.रे.स, स्काउट आदिको गठन र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| उत्कृष्ट शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स.पदाधिकारीहरुलाई कार्यसम्पादन तथा नतिजाअनुसार, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| प्रकोप, संकट, दुर्घटना, महामारी, नैतिक शिक्षा र अनुशासन सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन | वटा | ५ | ५ | ५ | ५ | १० | | |
| छात्रबृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामग्री वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन सहयोग | पटक | २ | २ | २ | २ | २ | १० | १० |
| वि.व्य. स., शि. अ. संघ लगायतको क्षमता अभिबृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| यातायातको साधन प्रयोग गरी | आवश्यकता | | | | | | | |

| बगनासकाली गाउँशिक्षा योजना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थीहरुलाई विद्यालयमा ल्याउने (मर्जको अवस्था) | अनुसार | | | | | | | |
| विद्यालय अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.४ अनौपचारिक तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो । शिक्षाबाट विभिन्न कारणले बञ्चित भएका मानिसहरु उमेरमा पढ्न पाइएन भन्दै पश्चताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरुमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा संलग्न हुनको लागि यस प्रकृतिको शिक्षाको व्यवस्था गरिएको छ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९–२०८६ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एव सिकाइ संस्कृतिको प्रवर्द्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एव चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

पाल्पा जिल्लाका विभिन्न गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा संचालन हुँदै आएका छन । यस कार्यक्रमले निरक्षरहरू विशेषत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यसका लागि गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए । यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ । साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू विशेषत महिलाहरूलाई समूह बनाई आय आर्जन कार्यक्रमसंग समेत जोडी महिलाको समुह बनाई बचत तथा ऋणको कार्यक्रमहरू सञ्चालन गरिए । गाउँगाउँमा महिलाहरूको समुह बनाइ आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बिउ पूँजी वितरण गरियो । समुहको महिला सदस्यहरूले आफ्नो गक्ष अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी आफूलाई गारो सारो परेको बेलामा सरसापट गरेर अथवा न्युनतम ब्याजमा त्यो रकमलाई

वितरण गर्न र सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडी समूहले आर्जन गर्न र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही वर्षसम्म रहदै आयो । सामुदायिक सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षा तर्फका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुनु पर्ऱ्यो त्यति प्रभावकारी हुन सकेन । तर पनि बगनासकाली गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेका व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता ८१ प्रतिशत भन्दा माथि पुगेको छ । गाउँपालिकामा ४ वटा सिकाइ केन्द्रहरू सञ्चालनमा छन् ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाहरुले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसका मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिदैन । आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था भए अनुरुप बगनासकाली गाउँपालिकाले आ.व. ०८१/८२ मा तथ्यांक संकलनको काम गरिरहेको छ । प्राप्त तथ्यांकको आधारमा अनौपचारीक शिक्षालाई जीवन उपयोगी हुने गरी थप कार्यक्रमहरु तय गरी अगाडि बढाइने छ ।

### ३.४.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

१. साक्षर नागरिकलाई निरन्तर शिक्षाको माध्यमबाट सीपमुलक कार्यक्रममा आवद्ध गराउने,

२. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

३. आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु ।

### ३.४.४ रणनीतिहरू

१. गाउँपालिकाभित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिने छ ।

२. सामुदायिक सिकाइ केन्द्रलाई सदृढीकरण गरी अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न

प्रोत्साहित गरिने छ ।

३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

४. नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गरिने छ ।

५. सामुदायिक सिकाइ केन्द्रहरु मार्फत मत र अभिमत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धनमा जोड दिइने छ ।

६. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचाालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने ।

७. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।

८. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।

९. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।

१०.सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

११ सामुदायिक सिकाइ केन्द्रका संचालकलाई अभिमुखिकरण तालिमको व्यवस्था मिलाउने ।

**३.४.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ ।

**ख) प्रमुख नतिजा**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,

२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने,

३. सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,

४. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,

६. अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धि तथ्याङक संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिबृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन अनुदान | वटा | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| आजिवन सिकाइका कार्यक्रमहरु सामुदायिक सिकाइ केन्द्र मार्फत संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| सीप विकास र आयआर्जनमा कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| सामुदायिक सिकाइ केन्द्र थप | वटा | २ | २ | १ | ० | ० | ५ | ० | |
| तह १ र २ को अनौपचारिक सिकाइको माध्यमबाट सिकेका ज्ञान सीपलाई प्रमाणिकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| अनौपचारिक तथा आजीवन सिकाइको तथ्यांक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## परिच्छेद : ४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु

### ४.१ शिक्षक विकास र व्यवस्थापन

#### ४.१.१ परिचय

विद्यालय सञ्चालनको मुख्य जनशक्ति भनेको शिक्षक हो यसको सहि व्यवस्थापन हुन सक्यो भने मात्र शिक्षा क्षेत्रको गुणस्तरमा सुधार आउँछ। शिक्षा शासन विकास र सेवा प्रवाहमा प्रभावकारीतामा समान वातावरण बनाउन शिक्षक व्यवस्थापन गर्न जरुरी छ।

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो। सामान्यतया शिक्षक व्यवस्थापन भित्र पद स्वीकृति शिक्षक भर्ना, छनौट, सरुवा, बढुवा बृत्ति विकास शिक्षकको सेवा शर्त सम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य पर्दछन। अझ स्पष्ट रुपमा भन्नुपर्दा यससंग सम्बन्धित कानूनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो। यो आफूमा बहुआयामिक विषय हो। निरन्तर प्रक्रिया हो, अन्तरनिहित यात्रा हो र आफूमा एउटा प्रणाली हो। शिक्षकको स्तर माथि नउठेसम्म कुनै पनि देशका शिक्षाको स्तर माथि उठ्न सक्दैन। शिक्षा क्षेत्रको जीवित मस्तिष्क भनेको शिक्षकहरू नै हुन।

शिक्षकको व्यावसायिकता बढोत्तरीको लागि सिकारुको सर्वोच्चताका लागि तालिम चाहिनेछ। शैक्षिक व्यवस्थापनले समग्र शैक्षिक शासन विकासको सेवा प्रवाह सुशासन सम्बृद्धि रोजगार र अवसर प्रदान गर्ने व्यवस्था गर्दछ भन्ने यसले अनुभूति दिलाउछ। शैक्षिक क्षेत्रको समग्र ज्ञानेन्द्रिय तथा कर्मेन्द्रिय आधार नै शिक्षक व्यवस्थापन हो। सरकार, सिकारु र शिक्षक बीचका सम्बन्ध शिक्षक व्यवस्थापन तथा तालिम नै हो। बदलिदो परिवेश अनुसार आवश्यक शिक्षाको लागि योग्य व्यावसायिक रूपमा दक्ष पेशाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाई प्रति जवाफदेही शिक्षक हुन आवश्यक छ। शिक्षकमा भएको ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पर्दछ। योग्य र कुशल शिक्षकले नै विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुने आवश्यक छ। भनिन्छ जस्तो शिक्षक त्यस्तै विद्यार्थी। भनाइ छ एउटा डाक्टर एउटा बिरामीका लागि घातक हुनेछ भने एउटा अयोग्य शिक्षक लाखौ बालबालिकाको लागि घातक हुनेछ।

गाउँपालिकाको यस योजनामा शिक्षक पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्न शिक्षक तयारी गर्न कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउन शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ। शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउन विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउन र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएको चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्य पूरा गर्नको लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

**क. शिक्षक तयारी**

विभिन्न मुलुकहरूमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै कार्यक्रममा सञ्चालन हुनेछन । राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकको लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्न र शिक्षकलाई सक्षमताको आधारमा सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताको आधारमा निरन्तर पेशागत सहयोग सञ्चालन गरिने उल्लेख छ । दीर्घकालीन रुपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमशः न्युनतम शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एकवर्ष शिक्षक तयारी कोर्ष पूरा गरेको हुनुपर्ने कानुनी व्यवस्था गर्न उपयुक्त हुनेछ ।

अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्त गर्न शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गरिरहेको अवस्था छ । शिक्षक अध्यापन अनुमतिपत्रको लागि परीक्षा सञ्चालन गर्न रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिको लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापना गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन । यसैगरी शिक्षकको पेशागत विकासको लागि नीति निर्माण गर्ने काम संघले प्रमाणीकरण तथा Customized तालिम पाठ्यक्रम निर्माण गर्न र प्रशिक्षक तयार गर्ने कार्य संघीय सरकारबाट भइरहेको छ । शिक्षकको क्षमता अभिबृद्धिको लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरूबाट हुँदै आएका छन् । शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउने पनि हो । सो कार्य गर्न सकिएको छ । विद्यालयमा देखिएको शिक्षकको अभाव परिपूर्ति गर्ने उद्देश्यले आ व ०८२/८३ को बजेट मार्फत विश्व विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई परिचालन गरी मासिक २० घण्टा शिक्षण कार्यमा लगाउने गरी स्वंयसेवक शिक्षकको व्यवस्थापन गर्ने भन्ने नीति कार्यन्वयनमा आयो भने गुणस्तरीय जनशक्ति प्राप्त हुने अपेक्षा गरिएको छ ।

**ख. शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेशा एक महत्वपुर्ण बौद्धिक तथा प्राज्ञिक पेशा हो । जसले गर्दा शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । शिक्षक सेवा आयोगले वार्षिक कार्यतालिका अनुसार नियमित रूपमा खुला विज्ञापन गरी स्थायी नियुक्ति गर्ने कार्यको थालनी शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ । आगामी दिनहरूमा शिक्षक पेशागत विकास तथा सहयोग पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित प्रोत्साहित हुने तथा सुविधा दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती मेधावी तथा प्रतिभावान् व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्टै साझा प्रवेश गराउन सकिने गरी संघको सरकारले कानुनी तथा प्रक्रियागत व्यवस्था गरी शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गराउन आवश्यक देखिएको छ ।

### ग. शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलत कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भरपर्छ। शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित प्रविधिमैत्री परियोजनामा आधारित समूह कार्यमा आधारित सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ । १५ औं योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएको विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्था कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप विकास गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भसामग्री, स्रोत सामग्री र प्रयोगात्मक सामग्री उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ। यस योजनाले बालकेन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधिको साथ सक्रिय सिकाइको तरिकाहरूको प्रयोगमा जोड दिएको पाईन्छ यसमा बालकेन्द्रित शिक्षण विधिलाई छिट्टै पद्धतिको रूपमा नभई गुणस्तरीय शिक्षाको लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अंग बनाइनेछ ।

कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता शिक्षण सिकाइमा सचेतना तथा सञ्चार प्रविधिका प्रयोग निरन्तर विद्यार्थी मूल्याङ्कन परियोजना तथा प्रयोगात्मक कार्यमा जोड उपचारात्मक शिक्षण पद्धति परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषणको आधारमा शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रूपमा हुन नसकेका विभिन्न अध्ययन प्रतिवदनहरूले औल्याएका छन । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार उच्च गतिको इन्टरनेट सुविधाको कमी तथा स्रोतको कमी विषयगत दक्ष, योग्य, उत्प्रेरित, शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, कार्य वातावरण कमी आदिको कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

कक्षाकोठा भित्र परम्परागत Chalk and Talk विधिलाई निरुत्साहित गरी आगमन विधिलाई प्रयोग गर्न सक्यो भने कक्षा कोठाको शिक्षण सिकाइ क्रियाकलाप उपलब्धीमुलक हुनेछ ।

### घ. शिक्षकको उत्तरदायित्व

शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुने भनेको आफूले पढाउने विधि, विषय, विद्यार्थीको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुने, पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धिमा भएका प्रगति र विकासमा जवाफ दिने विद्यार्थीको गुणस्तरीय जीवनको विषयमा जवाफदेही हुने भन्ने बुझिन्छ । यसैगरी शिक्षकले विद्यार्थीका सिकाइ तथा विकासको बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नु पर्दछ । विद्यालयको आचारसंहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्यांकन गर्न त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई गर्ने जस्ता कार्य जिम्मेवार शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुने गर्दछ ।

राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिको लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाउन र प्रधानाध्यापकलाई सिकाइ र

विद्यालय व्यवस्थापनको लागि विद्यार्थी अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाइने उल्लेख गरेको छ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परीणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाई क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ । विद्यार्थीका सिकाइ उपलब्धि कमजार हुनेमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थिति हो विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्न र नियुक्त पाएपछि तुरुन्त सरुवाको पहलमा लाग्ने प्रवत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ । अझ सरुवा भएपनि लामो समयसम्म पदपूर्ति नहेर्दा विद्यालयमा बालबालिकाहरू पढाइबाट लामो समयसम्म वञ्चित हुनुपरेको अवस्था समेत छ ।

शिक्षकले शिक्षणलाई पेशाको रुपमा नलिइ शैक्षिक क्षेत्रमा देखिएका शैक्षिक गुणस्तर सम्बन्धी समस्याको समाधान कर्ताको रुपमा लिन सकियो भने मात्र शिक्षकको वास्तविक उत्तरदायित्व पूरा हुनेछ ।

**ङ. शिक्षकको पेशागत सहयोग पद्धति**

शिक्षकको पेशागत सहयोगका विभिन्न उपागमहरू प्रचलनमा छन जस्तै कक्षा अवलोकन र छलफल, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान शिक्षकहरूको सिकाइ र सञ्चालन Conference सहपाठी संगको अन्तरक्रिया प्रतिबिम्बित अभ्यास आदि । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले leader / feeder विद्यालयको अवधारणा अगाडि सारेको थियो यसै गरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो ग्रामीण विकासको लागि सेती परियोजना र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए प्राथमिक शिक्षा परियोजना, विज्ञान शिक्षा विकास परियोजना आदिले शिक्षकको पेशागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ । शिक्षकको पेशागत सहयोगको लागि १०५३ वटा स्रोतकेन्द्रहरू स्थापना भई ती स्रोतकेन्द्रहरू मार्फत शिक्षकको पेशागत सहयोग प्रदान गर्दै आइरहेकोमा संघीय संरचनाको कार्यान्वयनसंग स्रोतकेन्द्र पद्धति विघटन भएको छ । हाल स्थानीयस्तरमा शिक्षामा शाखा मार्फत शिक्षक सहायता साथसाथै शिक्षा प्रशासनमा सञ्चालनमा रहेका छन् । शिक्षकको पेशागत विकासको लागि नव प्रवेशी तालिम, प्रमाणिकरण तालिम लगाएत मागमा आधारित अन्य तालिमहरु सञ्चालनमा रहेका छन् ।

**च. शिक्षक क्षमता विकास कार्यक्रम**

समय अनुसार शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुन आवश्यक छ । यसको विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासको विभिन्न तरिकाहरू छन । शिक्षक तालिम कार्य, क्रियात्मक अनुसन्धान शिक्षकहरूको सिकाई सञ्जाल अवलोकन भ्रमण Mentoring कार्यशाला सेमिनार आदि । शिक्षकको पेशागत विकास यिनै कार्यहरूबाट सम्भव हुनेछ । नेपालमा शिक्षकका पेशागत क्षमता अभिबृद्धि गर्ने धेरै योजना तथा कार्यक्रमहरू सञ्चालन भए ।

विगतमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तगतका शिक्षक तालिम केन्द्रहरू २९ वटा र अगुवा ५ वटा गरी ३४ वटा स्रोतकेन्द्रहरू र स्रोतकेन्द्रहरू मार्फत लामो तथा छोटा अवधिका शिक्षक तालिम कार्यक्रमहरु सञ्चालन हुदै आएको छ । शिक्षक पेशागत विकासको कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड तथा प्रारूप बनाउन, तालिम पाठ्यक्रम विकास गर्न र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुदै आएको छ । शिक्षकको पेशागत विकासको लागि लुम्बिनी प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाईन तथा offline विधिबाट एक महिने प्रमाणीकरण शिक्षक तालिम र कस्टमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । विद्यमान लुम्बिनी प्रदेश शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो संख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ । यसैगरी शिक्षकलाई तालिम वास्तविक आवश्यकतामा आधारित बनाउने र तालिममा सिकेका ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोगमा ल्याउन विभिन्न अध्ययन प्रतिवेदनहरूले उल्लेख गरेका छन ।

**छ. शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली २०५९ ले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई तथा काठमाण्डौ उपत्यकामा १:५० उल्लेख रहेको छ तर विद्यार्थी संख्या कम भएकोले त्यो अनुपातमा शिक्षक र विद्यार्थी रहेको देखिदैन। कतिपय विद्यालयले निजी स्रोतमा शिक्षकहरू नियुक्ती गरी शिक्षण कार्यलाई अगाडि बढाएका छन । जिल्ला र विद्यालयबीच शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्ने कार्य पनि उत्तिकै चुनौतीपूर्ण छ। मुलुक संघीय संरचनामा गएसंगै नियुक्ति सरुवा कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेको छ। हाम्रो बगनासकाली गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात १: १३ रहेको छ ।

**४.१.२. उद्देश्य**

१. प्रत्येक विद्यालयलाई विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु,

२. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमताको प्रारुप २०७२ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,

३. शिक्षकको निरन्तर पेशागत विकासका अवसरहरुको सुनिश्चित गर्नु ।

**४.१.३ रणनीतिहरू**

१ शिक्षक विद्याथी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलानरपुनर्वितरण तथा व्यवस्थापन गर्ने ।

२ रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्धारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।

३ शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

४ शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने ।

यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

५ शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

६ शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने ।

७ नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने ।

८ शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने ।

९. गाउँपालिकामा योग्य दक्ष र निपूण शिक्षकहरुको शिक्षक बैंक स्थापना गर्ने, ति शिक्षकलाइ लामो समय सम्म बिदा बस्नु पर्ने शिक्षकको सट्टामा कामकाजमा लगाउने व्यवस्था मिलाउने ।

### ४.१.४ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सक्षम, योग्य, उत्तरदायी, उत्प्रेरीत र तालिम प्राप्त शिक्षकको व्यवस्था भई विद्यार्थीमा शैक्षिक गुणस्तरमा अभिवृद्धि हुनेछ ।

**ख) नतिजा**

१. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भई शिक्षण सिकाइ सहज र उपलब्धिमा बृद्धि भएको हुनेछ,

२. सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिका सुविधामा पहुँच हुनेछ,

३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउनेछ,

४. अनुगमन मूल्याङ्कन, सुपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुको साथै जनशक्ति र समयको बचत हुनेछ,

५. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुनेछ,

६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुनेछ,

७. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुनेछ,

८. विद्यार्थीको मनोभावना बुझ्रेर शिक्षण गर्ने शिक्षकको संख्यामा वृद्धि हुनेछ ।

ग) उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | पुस्तकालय र पुस्तक कुना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | विज्ञान प्रयोशाला | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | ईन्टरनेट सेवाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | परीक्षाको नतिजा विश्लेषण | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | नमुना विद्यालयको असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २२ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २३ | सहपाठी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २७ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.२ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन

### ४.२.१ परिचय

शिक्षाका राष्ट्रिय लक्ष्य तथा उद्देश्य पूरा गर्ने गरी विद्यालय भित्र र बाहिर गरिने सम्पूर्ण क्रियाकलापलाई समेटेर तयार गरिएको दस्तावेजलाई पाठ्यक्रम भनिन्छ । जसले प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठासम्म पुऱ्याउँछ । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्नु महत्वपूर्ण आधार पाठ्यक्रम हो । यो एउटा गतिशीत र लचिलो प्रक्रिया हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सीप तथा अभिबृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समायोजन हुने, रोजगारी प्राप्त गर्न, पेशाव्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामुलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित सिक्न र तथ्यपरक हुनेपर्दछ । वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएको ज्ञान, सीप तथा परिबेश अनुकुल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो ।

नेपालमा विद्यालय स्तरका पाठ्यक्रमको लिखित रुपमा तयार पारी दस्तावेजको रुपमा तयार पार्ने कार्यको विकास वि.स. २०२८ का राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको पाईन्छ । वि.स.

## बगनासकाली गाउँशिक्षा योजना

२०६३ मा पहिलो राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यसामग्रीको कार्यन्वयन गर्ने परिपाटी शुरु गरिएको हो । समयको परिवर्तनसँगै विश्व परिवेश लगायत स्थानीय परिवेशमा समेत शिक्षाको दायरा फराकिलो हुदै गइरहेको छ । आवश्यकताको आधारमा विभिन्न समयमा नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम तयार भइ विद्यालयहरुमा लागु हुदै आइरहेको छ । यस क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लागु भइ हाल चरणवद्ध रुपमा विद्यालयमा पाठ्यक्रमहरु लागु भइरहेका छन् । आधारभूत तह १-३, ४-५ र ६-८ को लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ । विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरिएको, व्यवहारिक तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाको विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसंग सम्बन्धित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । पाठ्यक्रममा सान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक लगायतको व्यवहारिक अभ्यासमा यथेष्ट जोड दिइएको छ । पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सीपमा रुपान्तरण गर्ने सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ । स्थानीय परिवेश अनुसार भूगोल, सहकारी, वन, कृषि, पर्यटन, आयुर्वेद, जडिबुटी जस्ता विषयहरू समेटेर हाम्रो बगनासकाली गाउँपालिकाको स्थानीय विषयको पाठ्क्रम र पाठ्यपुस्तक समावेश गरिएको छ । व्यवसायिक शिक्षा, स्वास्थ्य शारीरिक र वातावरण शिक्षा, सिर्जनशिल तथा अभिव्यक्तिशिल कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउन न्यायोचित देखिन्छ । विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्न, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सीपको रूपमा एकीकृत गर्ने प्रयास भएको छ ।

पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रममा आधारित भएर विषयगत, कक्षागत तथा तहगत रुपमा विद्यार्थीहरुलाई पठनपाठन गर्न सहज हुने गरी पाठ्यसामाग्रीहरु समेत प्रकाशन हुने गरेको छ । जुन पाठ्यपुस्तकहरु नेपाल सरकारले जनक शिक्षा सामाग्री लिमिटेड मार्फत देशभर पुऱ्याउने गरेको छ । यसको अतिरिक्त नीजि प्रकाशकहरुले पनि विभिन्न विषयगत, कक्षागत तथा भाषागत विषयको पाठ्यपुस्तकहरु प्रकाशन गर्ने गरेका छन । जसबाट विद्यार्थीहरुलाई दैनिक पठनपाठन गर्न भने सहज भएको छ ।

हालको पाठ्यक्रमले मुल विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा लिएको छ । जसले गर्दा निश्चित मापदण्ड तयार गरी विषयवस्तुमा आधारित मूल्याङ्कन हुने गरेको

छ । यस मूल्याङ्नले पाठ्यक्रमले परिकल्पना गरे अनुरुप विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर मापन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पाठ्यक्रमको विषयवस्तुहरू सहज ढंगले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन । मातृभाषाको पाठ्यसामग्रीहरू पनि तयार गरिएका छन । पछिल्लो चरणमा सिकाइलाई कामको संसारसंग जोड्ने STEM शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ । STEM भनेको विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयको ४ विशिष्ट विद्यामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारको समस्याहरू समाधान गर्न सहयोग पुऱ्याउदछ । साथै रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सीप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुन जान्छ । तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ । स्टमले मुलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसंग जोडिएको विषय सिकाउछ । जसले गर्दै सिकारु कामका वास्तविक ससारसंग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रुपमा उत्रिन सक्दछ । विद्यालय तहको नयाँ पाठ्यक्रममा थप कुराहरू सकारात्मक हेर्दाहेर्दै पनि कार्यान्यवनको पाटोमा थप चुनौतीहरू रहेका छन । नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना, सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामागी विकासको लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अथपूर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउन, प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहका प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्न, पाठ्यपुस्तकको गुणस्तर सुधार र बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसंग जोड्न, सिकाइ सहजीकरण र मूल्यांकनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेको चुनौतीहरू रहेका छन् ।

### ४.२.२ वर्तमान अवस्था

कुनै पनि पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा वि.स. २०२८ का राष्ट्रिय शिक्षा पद्धतिका योजनामा पहिलो पटक देशभर एउटै पाठ्यक्रम तयार गरी लागू गरिएको थियो । विद्यालय तहका शिक्षाको पहिलो मार्गदर्शक दस्तावेजको रूपमा वि.स. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी शुरु भएको थियो । समयको मागसंग वि.स. २०७६ सालमा विद्यालय शिक्षाका नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरियो वि.स. २०७८ मा कक्षा २, ३, ६ र १२ मा पाठ्यक्रम कार्यान्वयन भएको हो भने अन्य कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार निर्माण गरिएको पाठ्यक्रमहरू कार्यान्वयनमा

रहेका छन । वि.स. २०८० सम्म विद्यालय तहको सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भइसकेको छ ।

विद्यालयले मुख्य पाठ्य सामग्रीको रुपमा पाठ्यपुस्तकलाई नै प्रयोगमा ल्याइ रहेको छ। नेपाल सरकारले कक्षा १ देखि १० सम्मका सबै पाठ्यपुस्तक र कक्षा ११ र १२ मा अनिवार्य विषय मात्र निशुल्क रुपमा उपलब्ध गराउँदै आएको छ। शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपका पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ। विद्यालय तहका पाठ्यक्रम निर्माण गन जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदलाई प्रदान गरिएतापनि कक्षा १-३ सम्म १६० कार्य घण्टा बराबरको मातृभाषा वा स्थानीय विषय र कक्षा ४–८ मा १२८ कार्य घण्टा बराबरको स्थानीय वा मातृ भाषामा पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गर्ने व्यवस्था गरिएको छ र राष्ट्रिय स्तरका विषयहरु लागू गरिएका छन् ।

मूल्याङ्कन सम्बन्धि नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सब निरन्तर मूल्याङ्कनको आधारमा कक्षान्नति गर्ने व्यवस्था रहेको छ। कक्षा ४-५ मा ५०% निरन्तर र ५०% आवधिक परीक्षाबाट हुने र कक्षा ६-८ मा ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ। कक्षा ८ मा आवधिक परीक्षामार्फत गाउँपालिका स्तरीय मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ। आधारभूत तह तथा कक्षा ९ का मूल्याङ्कन स्थानीय तहबाट नै हुने व्यवस्था गरिएको छ भने कक्षा १० को एसइइ प्रदेश र कक्षा १२ का अन्तिम मूल्याङ्कन भने राष्ट्रिय परीक्षा बोर्ड मार्फत हुने गरेको छ ।

पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरुको उपलब्धतालाई अध्ययन गर्दै तत्काल नयाँ पाठ्यक्रम लागु भएको विषयहरुको पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार पारेको र केन्द्रले सूचीकृत गरेको प्रकाशन गृह वा लेखकहरुको पाठ्यपुस्तक पाईन्छन ।

**४.२.३ उद्देश्य**

१. सिकाइ दैनिक जीवनसँग सम्बन्धित गराउन र विषयबस्तुलाई अन्तर सम्बन्धित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

२. विद्यालय तहको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु

३. विद्यार्थीमा भएका कमजोरी पक्ष समयमै पत्ता लगाइ त्यसको सुधार गर्ने,

४. स्थानीय तहको पाठ्यक्रम र पाठ्यसामाग्रीको प्रयोग क्रमश विस्तार गर्दै लैजाने,

५. सिकारूको सिकाइलाई निरन्तर, आवधिक तथा स्तरीकृत साथ प्रमाणमा आधारित मूल्यांकनको व्यवस्था गर्न,

**४.२.४ रणनीति**

१. प्रत्येक विद्यालयको शिक्षकहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएको

नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधिकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गर्ने,

२. स्थानीय सरोकारवालामा अपनत्व विकास गरी स्थानीय तहले निर्माण गरेको पाठ्यक्रमको समयानकुल तथा पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइने,

३. स्थानीय पाठ्यक्रम तथा पाठयसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइने,

४. विषयबस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिने,

५. विकास गरिएको पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङगले प्रवोधीकरण गरिने,

६. विपत, महामारी तथा संकटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्न र शिक्षकको क्षमता अभिबृद्धि गरिने,

७. शिक्षक निर्देशिका, पाठ्क्रम, पाठयपुस्तक, सन्दर्भ सामग्रीहरू सर्वशुलभ हुने गरी व्यवस्थापन गरिने,

८. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरता दिइने,

९. शिक्षण सिकाइलाई बालकेन्द्रित, लैङगिक तथा अपाङ्गमैत्री बनाई सूचना, सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई प्रभावकारी बनाइने,

१०. विद्यालयहरूलाई वैकल्पिक शिक्षण सिकाइ अनुरुपको शैक्षिक क्रियाकलापमा सक्षम बनाइँदै लगिने,

११. सहपाठी सिकाइ समुह गठन गरी कमजोर क्षमता भएको बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने,

१२. सूचना, सञ्चार तथा प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास उचित प्रयोग गर्ने क्षमताको विकास गरी कक्षागत वा तहगत रुपको प्रविधिमा शिक्षण सिकाइलाई प्रयोगमा ल्याइने,

१३. हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालयको स्थापना सुनिश्चित गरिने,

१४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षाको वृत्ति विकाससँग आवद्ध गर्ने,

१५. आधारभूत तहमा हुने स्तरीकृत परीक्षालाई सुधार गरिने,

१६. स्टिमको अवधारण अनुसार गणित र विज्ञान विषयको उपलब्धि बृद्धि गर्न शिक्षकहरूको क्षमता विकास गरिने,

१७. विज्ञान तथा गणित विषयमा सृजनात्मक सामग्री प्रदर्शन गर्ने व्यवस्था गरिने,

१८. मूल्यांकन र नतिजाको प्रणालीमा एकरुपता ल्याउन सफ्टवयर बनाइ लागु गरिनेछ र शैक्षिक सत्रको शुरुवातमा परीक्षा तालिका प्रकाशन गरिने ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

पाठ्यक्रम समय सान्दर्भिक, व्यवस्थित र व्यवहारिक भई दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकारात्मक सोच भएको सिकाई प्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग हुने अपेक्षा गरिएको छ ।

**ख) नतिजा**

१. कक्षा १-३ का एकीकृत पाठ्यक्रमले अपेक्षा गरेको व्यवहार कुशल सीपहरू कार्यान्वयन हुनेछ,

२. बाल विकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू प्रभावकारी तरिकाले कार्यान्वयन हुनेछ,

३. स्थानीय पाठ्यक्रम निर्माण, प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्व स्पष्ट हुनेछ,

४. स्टिम अवधारणा अनुसार शिक्षण प्रक्रियाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुनेछ,

५. सिकाइ क्रियाकलाप बालमैत्री र स्थानीय परिवेश तथा परियोजना कार्यमा आधारित हुनेछ,

६. सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि बृद्धि हुनेछ,

७. मूल्याङ्कनको लागि आधारभूत कार्यविधि तथा IEMIS सफ्टवयरको विकास गरी लागु हुनेछ ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू**

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| स्टीमशिक्षा सम्बन्धी शिक्षक तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| योग ध्यान, प्रर्णायाम लगायतको प्रयोगात्मक अभ्यास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| पाठ्यक्रमको प्रभावकारिता सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| मूल्याङ्कन नतिजाको लागि सफ्टवयरको निर्माण गरी एकीकृत नतिजा विकास, लागु तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| डिजिटल सामग्रीको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| कक्षा कोठामा आधारित निर्माणात्मक मूल्यांकन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

### ४.३. प्राविधिक तथा व्यवसायिक शिक्षा

#### ४.३.१ परिचय

शिक्षाले गरी खाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलो मात्र भए भन्ने गुनासो अहिले जताजतै सुनिने गरेको छ । यस्तो जनगुनासोलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गर्नु अति आवश्यक देखिएको छ । शिक्षाले विकासलाई निकास दिन सक्नु पर्छ । त्यस्ता परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । हाम्रो शिक्षा प्रणालीलाई संरचनागत रुपमा बदल्न र शिक्षाबाट जीवनयापनमा सहयोग पुऱ्याउने प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्व झन बढेको पाईन्छ । हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुनेछ । प्राविधिक तथा व्यवसायिक सीप विकास गरी गा.पा. मा हरेक प्राविधिक क्षेत्रमा सु-निश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा गाउँपालिका. समृद्ध बन्ने कुरामा कुनै दुइ मत छैन ।

शिक्षालाई सीप, सीपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न थप चुनौती हुने देखिन्छ । नेपालमा सीप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाका बस्तुहरूको उत्पादन लिच्छविकालदेखि भएको पाईन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको शुरुवात वि.स. १९९९ सालमा स्थापित प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न वि.स. २०६८/०६९ देखि भएको हो । सघन रुपमा प्राविधिक तथा व्यवसायिक तालिम परिषद (CTEVT) ले प्राविधिक तथा व्यवसायिक धारको विद्यालयहरू सञ्चालन गरिरहेका छन । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

#### ४.३.२ वर्तमान अवस्था

लुम्बिनी प्रदेश पाल्पा जिल्ला अन्तरगत बगनासकाली गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा उपयुक्त मानिन्छ । विगतदेखि नै यस क्षेत्रमा बासिन्दाहरु प्राविधिक शिक्षाको शुरुवात गर्न इच्छुक रहेका छन्। यस गाउँपालिकाभित्र चन्द्र माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनमा आएको छ । प्राविधि शिक्षाको विकासको लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र संघीय सरकार समेतको उच्च अपनत्व विकास हुन जरुरी छ ।

#### ४.३.३ उद्देश्य

१. प्राविधिक, व्यवसायिक र सीपमुलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्यूनिकरण गर्नु,
२. प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु,
३. गाउँपालिका र यस क्षेत्रभित्र उपलब्ध स्रोत साधनमा आधारित रोजगार, व्यवसाय, उद्योग मार्फत आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउनु,
४. युवाहरुलाई देशमै बस्ने वातावरणको सृजना गर्नु

### ४.३.४ रणनीतिहरू

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा बृद्धि गर्ने,

२. कृषि क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छुक सबैलाई अवसर प्रदान गर्ने,

३. शिक्षामा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई समेट्ने विशेष सुहलियत दिन नीति अवलम्बन गर्ने,

४. प्रयोगात्मकतर्फ विशेष प्राथमिक दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम् व्यवस्थापन गर्ने,

५. घर अपायक पर्ने क्षेत्रको विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,

६. प्राविधिक विद्यालयमा अध्ययन गन इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालयमार्फत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने,

७. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,

८. प्राविधिक शिक्षाका विकासका लागि उक्त धारमा कार्यरत शिक्षकहरूका क्षमता अभिबृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नका साथ आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,

९. गाउँपालिकाको सहयोगमा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयमा व्यवसायिक तथा सीपमुलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने,

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र सम्मृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरका प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन हुनेछ ।

**ख) नतिजा**

१) गाउँपालिकामा स्थापित प्राविधिक तथा व्यवसायिक विद्यालय धारतर्फका उत्कृष्ट विद्यालय भएको हुनेछ । यस धारमा अध्ययनरत विद्यार्थीहरू स्वरोजगारमुलक, स्वउत्प्रेरित, व्यवसायिक, उद्योगी र रोजगार प्राप्त भएको हुनेछ ।

२) प्राविधिक तथा व्यवसायिक विद्यालयबाट शिक्षा प्राप्त गरेका विद्यार्थीहरू गाउँपालिका लगायत यस क्षेत्रको स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध गाउँपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन ।

३) प्राविधिक तथा व्यवसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिबृद्धि

हुनेछ । प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्ड व्यवस्था हुनेछ । प्राविधिक शिक्षाप्रति सरोकारवाला, स्थानीय सरकार, प्रदेश र संघीय सरकारको अपनत्व बृद्धि भइ थप लगानीमैत्री वातावरण निर्माण हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिकाः प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| व्यवसायिक धारको विद्यालय थप गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| छात्रवृत्तिको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| भवनको व्यवस्था (छात्राबास सहित) | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| प्राविधिक विद्यालय कर्मचारी व्यवस्थापन | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| प्रयोगात्मक अभ्यासका लागि फिल्डको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| प्रयोगशालामा सामानको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.४ शैक्षिक समता र समावेशीकरण

### ४.१.१ परिचय

नेपालको वर्तमान संविधान, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५, नियमावली २०७७ लगाएतका कानुन तथा दस्तावेजले समतामुलक पहुँचलाई विशेष जोड दिएका छन् । पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बीच गरिने समान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग, समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुँदैन । यो आफ्नो गन्तव्य नभइ एउटा माध्यम मात्र हो । यो गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यस गाउँपालिकामा ब्राम्हण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता र सिमान्तकृत बालबालिकाहरुको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएको समाजमा पछि परेका र पारिएको दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास रहेको समुदाय छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैगिक विभेद विद्यमान छ । बालबालिकाहरु विशेषत अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका, शिक्षामा पहुँच नपुगेको समाज रहेको छ । विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएको भिन्नताहरुदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ । यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था गर्नुपर्दछ । समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ ।

ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान तथा समावेशीता अभिबृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अर्थपूर्ण सहभागितामा कार्य गर्दै सिकाइ सुनिश्चितता गर्नका लागि यसको कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्तो बाधाहरु ठाउँ पिच्छे फरक छन । यस्ता चुनौतीहरु हटाइ विविधता अनुकुल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समेत तथा समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम संचालन गर्न आजको आवश्यकता हो ।

### ४.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा समुदायिक, संस्थागत र शैक्षिक गुठीमा गरी आधारित गरी ३७ वटा विद्यालयहरु संचालनमा रहेका छन । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन । कतिपय विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच बृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने गरिएको छ । तर कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या रिपोटिङ नभएकाले संख्या कम देखिन गएको छ । ती बालबालिकाहरु विद्यालय शिक्षा पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरु, असाध्य रोगहरुबाट पीडित बालबालिकाहरु अभिभावक र सहाराबिहीन बालबालिकाहरु समेत छन् । त्यस्ता बालबालिकाहरुलाई गाउँपालिकाले मासिक रु १००० का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको छ ।

विद्यालय भर्ना भएका बालबालिकाहरुलाई आवासीय र गैरआवासीय रुपमा तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । खासगरी आधारभूत तहको कक्षा १–८ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरुलाई कुनै न कुनै रुपमा सहयोग गरिदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ । बहिरा बालबालिकाहरु, सुस्त मनस्थितिका बालबालिकाहरु, दृष्टिबिहिन बालबालिकाहरुको छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेको स्रोतकक्षा पढाइलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । गाउँपालिकाले धेरै महत्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन ।

### ४.१.३ उद्देश्य

१. लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,
२. लक्षित समूहका बालबालिकाहरुको सिकाइ सहभागितामा बृद्धि तथा सिकाइ उपलब्धी सुधार गर्नु,
३. समुदाय तथा विद्यालयमा हुने सबै प्रकारका हिंसा, विभेद र दुर्व्यवहारलाई न्यूनीकरण गर्नु,
४. आर्थिक अभावले गर्दा कक्षा छाड्ने दरमा न्यूनीकरण गर्नु ।

### ४.१.४ रणनीतिहरु

१. सबै तह र प्रकारका विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माण गर्ने ।

२. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरुको सबै प्रकारका विवरण सङकलन गरी अद्यावधिक गर्ने ।

३. साधारण विद्यालयमा भर्ना भइ अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरुका लागि स्रोतकक्षाको व्यवस्था गर्ने ।

४. विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गर्ने ।

५. समावेशी तथा समतामुलक पहुँच सुनिश्श्रितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइने ।

६. विद्यार्थीहरुलाई खासंगरी किशोरीहरुलाई हुने विभेद र हेपाइ आदिलाई न्युन गर्न सचेतनामुलक कार्यक्रमका साथ अनुगमन तथा निरिक्षण, अनुसन्धान गरिनेछ र विभद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुनको दायरामा ल्याइने ।

७. विद्यालयमा हुने सबै गतिविधिहरुमा बालक्लबका प्रतिनिधिहरुको समावेशी सहभागिताको सुनिश्चितता गरिने ।

### ४.१.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

समाजमा पछाडि परेका, आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र साहारा विहीन बालबालिकाहरुको विद्यालयमा समतामुलक पहुँच बृद्धि हुनेछ ।

**ख) नतिजा**

१. विद्यालय तहका शिक्षामा समतामुलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।

२. अपाङ्गता, गरीब, विपन्न, अभिभावक विहिन, सडकमा हिड्ने बेसाहारा बालबालिकाहरु आदिको अभिलेख व्यवस्थित हुनेछ ।

३. विद्यालयहरुमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुनेछ ।

४. लक्षित समुहले तोकिए बमोजिम छात्रबृत्ति प्राप्त गरी सिकाइ निरन्तरता हुनेछ ।

५. कुनै पनि बालबालिकाले आफूलाई घरपरिवार, समाज र विद्यालयमा महसुस गर्ने छैनन् ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| गाउँपालिका स्तरका अपांगता भएका बालबालिकाको तथ्यांक संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| बगनासकाली गाउँशिक्षा योजना | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अपाङगता भएका बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच सुनिश्चितता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| लक्षित वर्गमा छात्रबृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| सिकाइ सामग्रीको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विभेद अन्त्यका लागि सचेतना कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालयमा हुने विभेद, दुर्व्यवहार, हिंसा आदि रोकथामको लागि संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| अभिभावक विहिन बालबालिकाहरुलाई प्रोत्साहन रकम वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ४.६ विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधि

### ४.६.१ परिचय

एक्काइसौ शताब्दी सूचना प्रविधिका युग भन्ने गरिनेछ । सूचनाको संकलन, सम्प्रेषण, एवम सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवयर, सफ्टवयर, नेटवर्क, इन्टरनेट लगायतको प्रविधिको समष्टिगत रुपलाई सूचना तथा सञ्चार प्रविधि भन्ने गरिनेछ । आजको समयमा वैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिको प्रयोगले अतुलनीय परिवर्तन ल्याएको छ ।

शिक्षा, सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणालीभित्रको महत्वपूर्ण अवयवको रुपमा रहन गएको छ । कक्षा कोठामा प्रविधि प्रयोगको कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको शुरुवात भएको पाईन्छ । शिक्षाको पाठ्यक्रम निर्माण देखि त्यसको कार्यान्वयन मूल्याङ्कनको सम्पूर्ण अवधिमा सूचना तथा संचार प्रविधिको महत्वपूर्ण भूमिका हुनेछ । शैक्षिक प्रतिष्ठानहरुमा जुनसुकै काम र क्रियाकलापलाई अघि बढाउने हो भने सूचना प्रविधिबिना अघि बढाउन प्रयत्न गरिएमा त्यो अपूर्ण हुनेछ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नु पर्छ । समयानुकुल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेको मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरुको बीचमा ठूलो खाडल रहेको आभाष हुनेछ । यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ । शैक्षिक संस्था तथा शिक्षकहरुले

प्रविधिको प्रयोग मार्फत आफ्नो पठनपाठनका कार्यहरु गर्नुपर्नेछ। रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा, स्मार्ट बोर्ड तथा इमेल इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधिको उपकरणहरु शिक्षण सामग्रीको रुपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रुपमा प्रयोग गर्ने क्रम बढिरहेको छ।

सूचना प्रविधिको विकासले भौतिक पूर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुन नसक्ने ठाउँ अन्यत्र भएको प्रयोगात्मक कक्षाको श्रव्यदृश्य सामग्रीको प्रयोग गरेर देखाउन सकिन्छ। सूचना प्रविधिको द्रुत विकास, बढ्दो प्रयोग, यसमा निहीत विषय वस्तुको उपयोग र घट्दो मूल्यको कारण शिक्षण सिकाइ प्रकियामा यसको प्रयोग अर्थपूर्ण हुँदै आएको छ।

विश्वको जुनसुकै ठाउँमा बसेर सबै हालखबर तथा ज्ञानका कुरा सहज हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरु पनि तुरुन्त प्रदान गर्न सकिन्छ। जसले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकापसमा जोड्ने कार्य गर्दछ। यसको कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रुपमा दक्ष बनाउनु पर्ने देखिन्छ। जब हाम्रो शैक्षिक संस्थाहरु प्रविधिमैत्री हुनेछन् तब विद्यार्थीले आवश्यकता अनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन।

नेपाल सरकारले आफ्नो बजेट तथा कार्यक्रमहरुमा सूचना प्रविधिमैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामीण दुरसञ्चार कोषको आधार बनाउने कुरालाई अगाडि बढाइरहेको छ। सूचना तथा प्रविधिलाई मुलुकको पुनसंरचनाका लागि एक महत्वपूर्ण आधारका रुपमा स्वीकार गरी शिक्षा क्षेत्रमा संरचनागत तथा नीतिगत परिवर्तनसमेत आवश्यक छ। यसैगरी शैक्षिक नीति निर्माताले शिक्षण सिकाईको गुणस्तरलाई बृद्धि गर्नका लागि सफलतापूर्वक सूचना प्रविधिको शैक्षिक सेवाहरु दुर्गम ठाउँसम्म कसरी हस्तान्तरण गर्न सकिन्छ भन्ने तर्फ योजना बनाउनु पर्छ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थीहरुका लागि शिक्षा सिकाइ क्रियाकलापमा हुने पहुँचलाई बृद्धि गर्न सकिन्छ। यसले सूचनाको ग्रहण क्षमताको स्तरमा पनि बृद्धि हुनेछ र सबै प्रकारका विद्यार्थीका सहभागितामा हुने सिकाइलाई बढावा दिन सकिन्छ। अफलाईन तथा अनलाईन र दुरशिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्न, शिक्षा लिने प्रक्रिया र क्रियाकलापलाई सहजीकरण गर्न सकिन्छ। मल्टीमिडियाको प्रयोगले शिक्षण सिकाई प्रभावकारी हुन्छ। इन्टरनेट र इमेलले सूचनाको क्षेत्रमा क्रान्ति ल्याएको छ। सूचना प्रविधिको प्रयोग गर्ने क्रम नेपालमा पनि बढेर गएको छ। गाउँपालिका भित्रका सबै विद्यालय शिक्षामा राष्ट्रिय नीति र स्थानीय आवश्यकता अनुसार शिक्षामा सूचना प्रविधिलाई समावेश गर्दै अगाडि बढ्नु पर्ने आवश्यकता रहेको छ। हाल यस गाउँपालिका भित्र सञ्चालित सबै माध्यमिक विद्यालयमा कम्प्युटर ल्याबको व्यवस्थापन मिलाइएको छ।

### ४.६.२ वर्तमान अवस्था

नेपालको संविधानले राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक, रोजगारमुलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रप्रति समर्पित जनशक्ति तयार गर्ने विषयलाई महत्वका साथ समावेश गरेको छ । शिक्षाको राष्ट्रिय नीति २०७६ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगका रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्न र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउन नीति ल्याइएको छ ।

सूचना तथा संचार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारको संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरु योजना कार्यान्वयन गर्ने लगायतको नीति उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्न र नीति क्षेत्रको सूचना सञ्चार सम्बन्धी क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ । गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था प्रारम्भिक चरणमा रहेको छ ।

विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ को अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, परियोजना पाठहरु, स्वअध्ययन, खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्न यस निर्देशिकाले सूचना प्रविधिलाई विशेष जोड दिएको छ ।

शिक्षामा सूचना प्रविधिको प्रयोगको लागि गाउँपालिकाले सञ्चालन गरेको कार्यक्रमहरुमा प्रत्येक विद्यालयहरुलाई सूचना प्रविधि क्षेत्र प्रयोगका लागि वार्षिक रुपमा आधारभूत (६-८) र माध्यमिक विद्यालयहरुमा ICT कार्यक्रम सञ्चालनमा ल्याएको छ । विशेष गरी लेखा र कम्प्युटर शिक्षकहरुलाई ICT तालिमको व्यवस्थापन प्रारम्भ गरिएको छ । विद्यालयमा पुस्तकालय स्थापनासंगसंगै इ-लाईवेरीको व्यवस्था पनि गर्न शुरु गरिएको छ । यस गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था सुधारोन्मुख रहेपनि धेरै समस्या र चुनौती समेत रहेका छन । वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरुले प्रारम्भ गरे पनि विभिन्न कारणहरुले यसको प्रगतिमा समस्याहरु देखिएका छन । इन्टरनेट सुविधाको अभाव, सबै विद्यार्थीसंग स्मार्ट मोबाइल नभएका, डाटाहरुको व्यवस्थापनमा कठिनाई भएका, CUG सेवा सहज उपलब्ध हुन नसकेका, सबै विद्यार्थीहरुलाई आवद्ध गर्न कठिनाई भएको देखिन्छ ।

### ४.६.३ उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिको पहुँच बिस्तार गरी शिक्षक तथा विद्यार्थीहरुलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु,
२. विद्यार्थीहरुको सिकाइलाई प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय सूचना प्रविधिको प्रयोग सबै विद्यालयमा बिस्तार गर्नु,

### ४.६.४ रणनीतिहरु

१. सबै विद्यालयमा सूचना प्रविधिको आधारभूत संरचनाको व्यवस्थापन गर्ने ।
२. शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्थापन गर्ने ।
३. विद्यार्थीहरुलाई आवश्यक पर्ने डिजिटल सामग्रीहरु उपलब्ध गराइने ।
४. कक्षाकोठाहरु प्रविधि तथा सूचनामैत्री बनाइने ।
५. अपाङ्गता भएका बालबालिकाहरुको लागि उपयोगी हुने गरी डिजिटल सामाग्री वितरण गर्ने ।
६. IEMIS लाई थप व्यवस्थित गर्ने ।
७. इन्टरनेट प्रदायक संस्थापकहरुसंग समन्वय सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइने छ ।
८. गाउँपालिका क्षेत्रभित्र निःशुल्क इन्टरनेट उपलब्ध गराउन व्यवस्था मिलाउँदै लैजाने ।

### ४.६.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

शिक्षक तथा विद्यार्थीहरुका लागि सचेतना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम प्रयोग भएको हुनेछ ।

छोटो समयमा अधिकतम लाभ प्राप्त हुनेछ ।

**ख) नतिजा**

१. सबै विद्यार्थीहरुमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहुँच हुनेछ,
२. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भई शिक्षण सिकाइ सहज र उपलब्धिमा बृद्धि भएको हुनेछ,
३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउनेछ,
४. विद्यार्थीहरुको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुनेछ,
५. शिक्षकहरुमा सूचना प्रविधि मैत्री शिक्षण क्षमता विकास भएको हुनेछ,
६. विद्यालय तथा कक्षाकोठाहरु सूचना प्रविधि मैत्री हुनेछन्,
७. शिक्षण सिकाइ गतिविधिमा आकर्षण बढ्नेछ ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| विद्यालयमा सूचना तथा संचार प्रविधिको विस्तार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| शिक्षक कर्मचारीलाई आई.सि.टी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| डिजिटल शैक्षिक सामग्री निर्माण र प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| IEMIS तालिम व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| इ-लाईब्रेरीको विस्तार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| निःशुल्क इन्टरनेट विस्तार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.७ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.७.१ परिचय

स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ प्रचलित रहेको छ । बालबालिका स्वस्थ नभएसम्म उनीहरुले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् भन्ने कुरा सम्पूर्ण अभिभावकलाइ जानकारी भएको विषय हो । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाइ तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तीकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ बराबरको खाजा खुवाउन थालिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ । हाल यसको व्यवस्थापन शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गरिरहेको छ ।

### ४.७.२ बर्तमान अवस्था

गाउँपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरुमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ । सबै विद्यालयको लागि प्राथमिक उपचार सामग्रीको बाकस, बालिकाहरूका लागि आइरन चक्की तथा जुकाको औषधी, पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप, किशोरीमैत्री सेवा, विद्यालय नर्सको व्यवस्था हुँदै गएको छ । हाल गाउँपालिका अन्तरगतका ३० वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ । जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरु धैरै लाभान्वित भएका छन् । यसले विद्यालयमा विद्यार्थीहरुको नियमितता बढाउँदै गएको छ । यस गाउँपालिकाको आन्तरिक आम्दानीको स्रोत कम भएकोले दिवा खाजाको लागि थप रकम उपलब्ध गराउन सकिएको छैन ।

### ४.७.३ उद्देश्यहरु :

१) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
२) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
३) विद्यालयको नियमितताको दरमा वृद्धि गर्नु ।

**४.७.४ रणनीतिहरू**

१. बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामाग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने,

२. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

३. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

४.विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसंग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

५. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

**४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित विद्यालयको नियमितताको दरमा वृद्धि हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुनेछ ।

२. दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियमक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

३. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

४. सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ५ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुनेछ ।

५. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त खानेपानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशारीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

६. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक किशारीहरुको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

७. विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

८. सामुदायिक विद्यालय प्रति विद्यार्थीहरुको आकर्षणमा वद्धि हुनेछ ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालयहरुमा सेनेटरी प्याड लगायत सफाइका सामग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विद्यालयमा सरसफाइको लागि साबुन, पानी लगायतका सामग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| खाजाका लागि थप वित्तिय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजाको लागि आवश्यक सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.८ आपत्कालीन तथा संकटकालीन अवस्थामा शिक्षा

### ४.८.१ परिचय

नेपालमा बेला बेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ । यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट बञ्चित नहुन् भन्ने उद्देश्यका साथ र बालकालिकाहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिदै सिकाइलाई निरन्तरता दिनको लागि बैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भन्ने गरिनेछ । यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई

संरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र संचालन गर्ने रहेको छ । यस अवधारणा अन्तगत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएका हुनेछ ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालिन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ । समय समयमा भएका नेपाल बन्द हडताल, २०७२ सालको भूकम्प, कोभिड १९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन २०२१–२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ । यस महत्वलाई मध्यनजर गर्दै गाउँपालिकाले पनि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा बर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरु समावेश गरिएको छ। विशेष गरी विपद् तथा महामारीको समयलाई ख्याल गरी विद्यार्थीको सुगमतालाई हेरेर अस्थायी सिकाइ केन्द्र स्थापनाका लागि पूर्व तयारी आवश्यक छ ।

**४.८.२ वर्तमान अवस्था**

नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहमा निःशुल्क शिक्षाका सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ । बृहत विद्यालय न्युनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाइ पूर्वाधार, विपद जोखिम व्यस्थापन, विपद जोखिमका न्यूनीकरण र उत्थानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरुले समेत आपत तथा विपदको समयमा समेत विद्यालय शिक्षालाई कायम राखी राख्नु पर्ने कुरालाई जोड दिएका छन् ।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्तो विपदले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन । पाल्पा जिल्ला समेत यो समस्याबाट अछुतो रहन सकेको छैन । विकट भौगोलिक अवस्था भएको गाउँपालिकाका विद्यालयहरु पनि विषेश पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन् । हालको कोभिड-१९ को विषम परिस्थितिले त झन् आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताको आधारमा लागु गर्ने तयार रहनु पर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीका सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा विद्यार्थीको पहुँचलाई मध्यनजर गरी रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन परियोजना पाठहरु, स्वअध्ययन, दर तथा खुल्ला

शिक्षा लगायतको वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा केही पूर्वानुमान गर्न सकिएतापनि यसको ठयाक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन । तरपनि विगतका अभ्यासहरुको आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ । तर आपतकालीन अवस्थाको शिक्षा योजना बनाउदा के कस्ता कुराहरुलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो । यसका साथ स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासंग कसरी तादाम्यता कसरी मिलाउन सकिन्छ ? योजना अल्पकालिन बनाउने कि दीर्घकालिन बनाउने भन्ने जस्ता चुनौतीहरु भने रही रहेका छन । यस्ता चुनौतीहरुलाई विचार गर्दै गाउँपालिकाले आपतकालीन शिक्षा योजना बनाउने अवस्थाको आकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीको कुराहरुलाई महत्वकासाथ सम्बोधन गर्नु पर्दछ ।

**४.८.३ उद्देश्य**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,

२. संभावित विपद्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक श्रोतको व्यवस्थापन गर्नु,

३. आपत्कालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

४. विद्यार्थीको पहँच र सुगमताको आधारमा वैकल्पिक मार्गहरु खोजी गर्नु ।

**४.८.४ रणनीतिहरु**

१. प्रकोप, विपद, महामारीको पूर्व अनुमान अनुसार संघीय सरकारले बनाएको कार्यविधिहरुको लागु गर्ने संयन्त्रको विकास गरिने ।

२. स्थानीय सरकारवाला तथा विज्ञहरुसंग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रुपमा बैकल्पिक सिकाइ पाठ योजना तयार पारिने ।

३. स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरुसंग समन्वय गरिने ।

४. विपद प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जोड दिइने ।

५. स्थानीय विज्ञहरु समेत समेटी गाउँपालिका स्तरीय एउटा विपद व्यवस्थापन समिति बनाइने छ । जसमा विद्यालय शिक्षा हुने उपसमिति समेत बनाई कार्य सम्पादन गरिने ।

६. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

७. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरुको तयारी गर्ने ।

८. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

९. विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने ।

१०. हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.८.५ उपलब्धि नतिजा तथा क्रियाकलाप

**क) उपलब्धि**

आपत्कालिन तथा संकटका समयमा समेत गाउँपालिका भित्रका विद्यालयहरुमा पठपाठन गर्न विद्यार्थीहरुले बैकल्पिक माध्यमबाट भएपनि सिकाइलाई निरन्तरता दिनेछन् ।

**ख) नतिजा**

१. विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा संकटको समयको लागि व्यवहारिक योजना निर्माण भइ आवश्यकताका आधारमा लागु हुनेछ ।

२. प्रकोप महामारीमा समेत सिकाई निरन्तर हुनेछ ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| आतपकालिन संकटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थानीय सरकारको कार्यविधि विकास | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| निर्देशिकाको आधारमा विज्ञ व्यवस्थापन समिति गठन | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| स्रोत शिक्षक तथा प्र.अ. लाई तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| अस्थायी सिकाइ केन्द्र स्थापना | आवश्यक्ता अनुसार | | | | | | | | |

## परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

शिक्षा विकासको पहिलो सूचक हो । शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्ने, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्ने, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्ने, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्ने, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ५ वटा उपशीर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक

योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज, मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइँदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, सामाजिक परीक्षण, गुनासो सुनुवाइ संयन्त्रको विकास, ड्यासबोर्ड, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू

कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेशले सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरू बीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ५.१.३ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

२. तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

३. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

४. जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरु

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

५. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।

६. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने।

७. बिद्यालय अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने र जवाफदेहीताका संयन्त्रहरुलाई परिचालन गर्ने।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि :**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

**प्रमुख नतिजा :**

१. शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

२. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,

३. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,

४. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।

५. शिक्षक, कर्मचारी, जनप्रतिनिधि तथा समुदायका बिद्यार्थीले पालिका तथा सामुदायिक बिद्यालयमा उपलब्ध तह र बिषयको शिक्षा पालिकाकै बिद्यालयबाट लिने परिवेश तयार भएको हुनेछ ।

**संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ५ | प्रधानाध्यापक बैठक भत्ता | सबै | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन्।

### ५.२.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइँदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन्।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।

### ५.२.३ उद्देश्यहरु

गाउँ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

### ५.२.४ रणनीतिहरु

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।

६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।

७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।

९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

१०. योजनामा समावेश गरिएका प्रमुख शैक्षिक गतिविधिलाई यथाशिघ्र कार्यान्वयनमा ल्याउन सरोकारवालासँग नियमित अन्तरक्रिया गर्ने।

११. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरु :**

१. ५ वर्षे शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा :**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | एकीकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | कार्यक्रम कार्यान्वयन र प्रतिफलबारे अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वयन गर्नेछ। स्थानीय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन। कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक र भौतिक) नियमित अनगुमन, सपुररीक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ। खासगरी गाउँ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुबाट पनि समय समयमा अनुगमन गरिएको छ। बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ। कहिलेकाही गरिएको अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन। प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ। सफलता, सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ।

ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन्। सबै तहको सेवा

व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ।

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ५.३.३ उद्देश्य

१. अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु।

२. अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु।

३. योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतीहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु।

### ५.३.४ रणनीतिहरु

१. प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने।

२. शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने।

३. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।

४. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।

५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने।

६. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।

७. योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख कियाकलाप र लक्ष्य

**उपलब्धि :**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ।

२. कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमीकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुनेछ।

३. समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ।

**प्रमुख नतिजाः**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ।

२. अनुगमनका आधारमा नतिजा सुधार हुनेछ।

३. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | | २ | | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |

## परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ।

शिक्षा विकासको पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लैजाने नीति उल्लेख गरिएको छ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो हुनेछ।

### ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनको मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र

प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ ।

### ६.३ उद्देश्य

१. योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

### ६.४ रणनीतिहरु

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गर्ने,
२. आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गर्ने
३. स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,
४. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट बालबालिकाको शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने,
५. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ,
६. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शीता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

### ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि :

१. शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
२. वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

**<u>प्रस्तावित कार्यक्रम र बजेट अनुमान</u>**

**बालविकासका प्रमुख क्रियाकलाप**

| क्र.स. | कृयाकलाप | परिमाण | इकाई | दर | संख्या | पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथौ बर्ष | पाँचौ बर्ष | बजेटको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रको समायोजन, पुनरसंरचना र वितरण | ५ | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| २ | बाल शिक्षकलाई तालिम | २ | दिन | ३००० | ४० | १२०००० | | १२०००० | | १२०००० | स्थानीय तह |
| ३ | प्रारम्भिक बालबिकास शिक्षाको मापदण्ड प्रवोधीकरण | १ | पटक | २५०० | ४० | | | १००००० | | | स्थानीय तह |
| ४ | बालविकास केन्द्रमा सूचना प्रविधिको व्यवस्था | २५ | वटा | ३५००० | १ | | | | ८७५००० | | प्रदेश |
| ५ | बाल उद्यान तथा शैक्षिक, खेलकुद सामाग्री निर्माण तथा सजावट | ५ | पटक | ५०००० | | २५०००० | | | | | संघ |
| ६ | बालवालिकाको स्वास्थ्य परिक्षण | १ | पटक | १ | ६३७ | १ | १ | १ | १ | १ | स्थानीय तह |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बाल शिक्षकहरुको पारिश्रमिक व्यवस्थापन संघ | १३ | पटक | नेपाल सरकारले तोकेबमोजिम | | | | | | | संघ र स्थानीय |
| ८ | बाल शिक्षकहरुको पारिश्रमिक व्यवस्थापन स्थानीय तह | १३ | पटक | ५००० | १६५००० | १६५००० | १६५००० | १६५००० | १६५००० | १६५००० | स्थानीय तह |

## आधारभूत शिक्षा

| क्र.स. | कृयाकलाप | परिमाण | इकाई | दर | संख्या | पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथौ बर्ष | पाँचौ बर्ष | बजेटको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | | वटा | | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | प्रदेश र स्थानीय तह |
| २ | आधारभूत तहमा शिक्षक दरबन्दी मिलान | | | | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | स्थानीय तह |
| ३ | विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन स्थानीय तह | ३० | मासिक | ७००० | ३० | २१०००० | २१०००० | २१०००० | २१०००० | २१०००० | स्थानीय तह |
| ४ | विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन संघ | ३० | जना | २१५०० | नेपाल सरकारले तोके बमोजिम | नेपाल सरकारले तोके बमोजिम | नेपाल सरकारले तोके बमोजिम | नेपाल सरकारले तोके बमोजिम | नेपाल सरकारले तोके बमोजिम | नेपाल सरकारले तोके बमोजिम | संघ |
| ५ | शिक्षकलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था | १ | जना | ६००० | ३० | १८०००० | १८०००० | १८०००० | १८०००० | १८०००० | सघ |
| ६ | आधारभूत तहमा विद्यार्थी भर्ना अभियान | १ | पटक | ० | ३८ | १ | १ | १ | १ | १ | स्थानीय तह |
| ७ | विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम | १ | वटा | ५००००० | ३७ | १८५००००० | १८५००००० | १८५००००० | १८५००००० | २०३५०००० | संघ |
| ८ | अभिभावक शिक्षा कार्यक्रम संचालन | १ | पटक | २००० | ३७ | | ७६००० | | | | स्थानीय तह |
| ९ | विद्यालयको कार्यसम्पादनमा आधारित प्रोत्साहन | १ | पटक | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | संघ |
| १० | विद्यार्थी सिकाई उपलब्धी लेखाजोखा | १ | पटक | ५०० | ३० | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | स्थानीय तह |
| ११ | स्थानीय पाठ्यक्रम निर्माण, प्रबोधिकरण र कार्यान्वयन | १ | पटक | ५००००० | १ | ५००००० | | | | | स्थानीय तह |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | प्रकोप, संकट, माहामारी, नैतिक शिक्षा र अनुशासन सम्वन्धी तालिम | १ | पटक | ४००००० | १ | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | संघ |
| १३ | विद्यालयमा स्वास्थ्य तथा पोषण, दिवा खाजाको प्रवन्ध | १८० | दिन | १५ | | ५०१९३०० | ५०१९३०० | ५०१९३०० | ५०१९३०० | ५०१९३०० | संघ |
| १४ | छात्रबृत्ति, नि:शुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामाग्री वितरण | १ | पटक | १३८००० | ३७ | ५१०६००० | ५१०६००० | ५१०६००० | ५१०६००० | ५१०६००० | संघ |
| १५ | आधारभूत तह उत्तीर्ण परीक्षा संचालन र व्यवस्थापन | १ | पटक | ० | १ | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | संघ र स्थानीय |
| १६ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १ | पटक | ५०००० | ३० | | | | | | संघ |
| १७ | वि.व्य.स., शि.अ.सं लगायतको क्षमता अभिबृद्धि कार्यक्रम | १ | पटक | एकमुक्षठ | | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | स्थानीय तह |
| १८ | यातायातको साधन प्रयोग गरी विद्यार्थीहरुलाई विद्यालयमा ल्याउने (मर्जको अवस्था) | १ | पटक | १००००० | ४ | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | प्रदेश |
| १९ | शिक्षण सहयोग अनुदान आधारभूत तह | १३ | महिना | संघले तोके बमोजिम | | | | | | ९९३२७८ | संघ |
| २० | गाउँपालिका अनुदान तथा थप तलब पोशाक समेत | १३ | महिना | १५ | | ५७५००० | ५७५००० | ५७५००० | ५७५००० | ५७५००० | स्थानीय तह |

## माध्यमिक शिक्षा

| क्र.स. | कृयाकलाप | परिमाण | इकाई | दर | संख्या | पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथौ बर्ष | पाँचौ बर्ष | बजेटको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | १ | वटा | | ३७ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | स्थानिय तह |
| २ | माध्यमिक तहमा शिक्षक दरबन्दी मिलान | १ | पटक | ० | ३७ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन | १३ | महिना | १५००० | २८ जना | ५४६०००० | ५४६०००० | ५४६०००० | ५४६०००० | ५४६०००० | संघ र स्थानीय तह |
| ४ | शिक्षक कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था | १ | पटक | १००००० | ५१ जना | | ५१००००० | | | | प्रदेश |
| ५ | माध्यमिक तहमा भर्ना अभियान | १४ | वटा | ० | | | | | | | आवश्यकता नपर्ने |
| ६ | विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम | १ | पटक | ५००००००० | २ वटा | | | | | | प्रदेश |
| ७ | प्र.अ. तथा शिक्षक पेशागत तालिम | १ | पटक | २००० | ५१ जना | १०२००० | १०२००० | १०२००० | १०२००० | १०२००० | प्रदेश |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | १४ | वटा | २००० | १४ वटा | २८००० | २८००० | २८००० | २८००० | २८००० | स्थानीय तह |
| ९ | विद्यार्थी सिकाइ उपलब्धी लेखाजोखा | १४ | वटा | २००० | १४ जना | २८००० | २८००० | २८००० | २८००० | २८००० | स्थानीय तह |
| १० | बाल क्लव, जु.रे.स, स्काउट आदिको गठन र कार्यान्वयन | १ | पटक | ५००००० | १९ वटा | ५००००० | | | | | स्थानीय तह |
| ११ | उत्कृष्ट शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स. पदाधिकारी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने | १ | पटक | १५०००० | | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | प्रदेश |
| १२ | प्रकोप, संकट, दुर्घटना, माहामारी, नैतिक शिक्षा र अनुशासन सम्बन्धी तालिम | १ | पटक | ३५०००० | १४ | ३५०००० | ३५०००० | ३५०००० | ३५०००० | ३५०००० | प्रदेश |
| १३ | विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन | १४ | वटा | ० | | नियमित | नियमित | नियमित | नियमित | नियमित | स्थानीय तह |
| १४ | छात्रबृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामाग्री वितरण | १ | पटक | १३८००० | १४ | १९३२००० | १९३२००० | १९३२००० | १९३२००० | १९३२००० | संघ |
| १५ | माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन सहयोग | १ | पटक | ५०००० | २ | १००००० | १००००० | १००००० | १००००० | १००००० | स्थानीय तह |
| १६ | वि.व्य. स., शि. अ. संघ लगायतको क्षमता अभिवृद्धि कार्यक्रम | १ | पटक | २००० | २८ | ५६००० | ५६००० | ५६००० | ५६००० | ५६००० | प्रदेश |
| १७ | अभिभावक शिक्षा कार्यक्रम | १४ | वटा | २००० | १५० जना | | | ३००००० | ० | ० | स्थानीय तह |
| १८ | यातायातको साधन प्रयोग गरी विद्यार्थीहरुलाई विद्यालयमा ल्याउने (मर्जको अवस्था) | ४ | वटा | १००००० | ४ वटा | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | प्रदेश |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | शिक्षण सहयोग अनुदान माध्यमिक तह | १३ | महिना | ४३६९० | ६ | ३४०७८२० | ३४०७८२० | ३४०७८२० | ३४०७८२० | ३७४८६०२ | संघ |

**शिक्षक विकास र व्यवस्थापन**

| क्र.स. | कृयाकलाप | परिमाण | इकाई | दर | संख्या | पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथौ बर्ष | पाँचौ बर्ष | बजेटको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक नियुक्ति र सरूवा | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | स्थानीय तह |
| २ | शिक्षक मेन्टरीङ्ग तथा विद्यालय सुपरीवेक्षण | १ | जना | | | ११०८००० | | | | | संघ |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | १ | पटक | ५००० | ५० जना | | २५०००० | | | | स्थानीय तह |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | १ | पटक | २००० | १५ जना | | ३०००० | ३०००० | ३०००० | ३०००० | स्थानीय तह |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | १ | पटक | १५०० | २५० जना | | | ३७५००० | | | स्थानीय तह र प्रदेश |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | १ | पटक | २००० | ३८ वटा | १००००० | १००००० | १००००० | १००००० | १००००० | स्थानीय तह र प्रदेश |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | १ | पटक | ४००० | १५ जना | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० | संघ |
| ८ | शिक्षण सिका सामग्री र बुक कर्नर | १ | पटक | २०० | ४००० जना | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | संघ |
| ९ | विज्ञान प्रयोगशाला, सूचना प्रविधि र पुस्तकालय | १ | पटक | ६५०००० | ४ वटा | २६००००० | २६००००० | २६००००० | २६००००० | २६००००० | संघ |
| १० | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | १ | पटक | ६५०००० | १ वटा | ६५०००० | | | | | संघ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | शिक्षण तथा सिकाई सामाग्री विकास | १ | पटक | ५०००० | ४ वटा | २००००० | २००००० | २००००० | २००००० | २००००० | संघ |
| १२ | ईन्टरनेट सेवाको व्यवस्था | १ | पटक | १२००० | ३७ वटा | ४४४००० | ४४४००० | ४४४००० | ४४४००० | ४४४००० | संघ |
| १३ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | २ | पटक | २००० | ३७ वटा | १५२००० | १५२००० | १५२००० | १५२००० | १५२००० | स्थानीय र प्रदेश |
| १४ | निरन्तर विद्यार्थी मूल्याङ्कन | ३७ | वटा | १०० | २८०० जना | २८०००० | २८०००० | २८०००० | २८०००० | २८०००० | संघ |
| १५ | परीक्षाको नतिजा विश्लेषण | ३७ | वटा | ५००० | १५ जना | ७५००० | ७५००० | ७५००० | ७५००० | ७५००० | स्थानीय तह |
| १६ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | ३७ | वटा | ५०० | ३०० जना | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | संघ र प्रदेश |
| १७ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | १ | पटक | २००० | १५ जना | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | स्थानीय तह |
| १८ | शिक्षक पेसागत सहयोग | १ | पटक | २००० | २० जना | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | स्थानीय तह |
| १९ | असल भ्यासको अवलोकन भ्रमण | १ | पटक | २००००० | | २००००० | २००००० | २००००० | २००००० | २००००० | स्थानीय तह |
| २० | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | १ | पटक | २००० | १० जना | २०००० | २०००० | २०००० | २०००० | २०००० | स्थानीय तह र प्रदेश |
| २१ | विज्ञ समूहको गठन र परिचालन | १ | पटक | ३००० | ३५ जना | १०५००० | १०५००० | १०५००० | १०५००० | १०५००० | स्थानीय तह र प्रदेश |
| २२ | सहपाठी कक्षा अवलोकन | १ | पटक | | ३८ वटा | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | स्थानीय तह र प्रदेश |
| २३ | छोटो अवधिको शिक्षक तालिम | १ | पटक | २००० | १५ जना | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | स्थानीय तह र प्रदेश |
| २४ | कार्यसम्पादन मूल्याङ्कन | १ | पटक | २०००० | ० | २०००० | २०००० | २०००० | २०००० | २०००० | स्थानीय तह |
| २५ | प्रधानाध्यापकको व्यवस्था | १ | पटक | ० | ० | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | स्थानीय तह |
| २६ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | ३७ | वटा | ० | ० | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | स्थानीय तह |

